Shri Bagan Singh Aden, son of late Shri Phoop Sing Lepcha, retired Primary Teacher of S.U.M. Institution passed away peacefully on the night of 14th February 1990 at 11.p.m

Shri Bagan Singh was born on 13th July 1922. After passing his Middle Examinations, he joined the Guru Training Institute which was then an integral part of S.U.M. Institution. He joined the staff of the Institution from 1st February 1946 and started studying for Matriculation Examination which he passed in the year 1950.

Shri Aden was a simple, straightforward person and very much liked and loved by teachers and students alike. He gave a selfless service to the Institution for about 41 years and finally retired on 12th July 1987.

He is survived by his wife and three sons, the eldest Nim Palden serving in the Sub-Divisional Library, the Second Ongay Tshering Aden serving in the S.U.M.I. and the youngest Yomten Tshering Aden undergoing D.F.O. training in the South.

And I will dwell in the house of the Lord forever.

-Psalm 23

# GYAN LOPCHAN—An Ex-Sumian

*—Mr. B. K. Baral*

One zealous art student went to a gallery and spent a bewildered hour looking over abstracted and cubist works. He was finally attracted to a painting consisting of a black dot on a field of white and framed in brass.

How much for this? "He asked. 'That's the light switch ! He was told. There was a roar of laughter from the audience. Gyan Lopchan, an ex-student of the Institution was the master of ceremony. All eyes and ears were fixed on him. The stage was well lit with modern lighting systems. The S U M I was celebrating its centenery in April 1986. Gyan kept the audience enthralled and as an ex-sumian he had made up his mind to give his best which of course he did. Gyan spent the better part of his school days in S U M I. The timers still remember the anecdotes of Gyan and Urgen - the Duo whose stage performances would evoke much laughter and old boys say that there used to be no annul prize day function or the UNO Day observances or Jayantis or annul sports in school without these two. Gyan was sportsman too but he would prefer 'zero' number on his vest and took special interest in participating in the 'mile race event'. He did not run fast but would nevertheless try and very often he was placed in the third position !

When Gyan was interviewed during the centenary celebrations he vividly remembered and recalled P R Sir, Leonard Sir, Dhanraj Sir, Simick Sir, BK Sir, LK Sir, Nima Wangdi Sir, BC Simick Sir, Chhana Sir, Longman Sir and host of other teachers who had taught him. He was a boarder at the Sutherland Hostel and he had treasured the memories of Late Sri. L P T Rongong.

The ladder going up to the heaven was endless and it has no beginning either. A clergy found himself (after death) going up with a pouch containing some chalk pencils. He was instructed to make a tick mark on the steps each time he remembered the sin he had committed while on the earth. After climbing a considerable number of steps he was completely exhausted and was about to collapse, when suddenly he saw someone rushing down. Now then he felt happy 'cause he thought God must have sent his angel to receive him. The clergy relaxed and said ' who are you, sir ?

' I am a Bishop', the man replied. ' I am sure God must have sent you to receive me, said the clergy with a sigh of relief.

' No, not to receive '; replied the Bishop. ' Where are you going then ?' inquired the clergy. 'To get some more chalk pencils ' said the

Bishop and went down the steps in a great hurry.

It was certainly one last humour from Gyan on a February morning when he was going to have his blood pressure checked. Whenever we met there used to be some jokes from him. He looked absolutely fit and there was radiance in his face. He talked about his health and philosophy. He would say that thought begins when man does not take his existence for granted and with ethical affirmation of life he may realise the true values of life. We wanted Gyan to a little more to stay with us but he showed reluctance and we promised to meet again. But that 'again' never came. Instead, just the other day, a bolt from the blue, the news broke saying "Gyan is no more". It was a rude shock to the one who had been talking to him just the other day and who had promised to meet again !

Gyan loved good company and good talk. I once heard him say "the secret of good life is to live in obedience to reality". Looking back, it is hard to conceive how he crowded so many accomplishments into one lifetime—as a true Sumian, a stage perform r, a politician a sportsman and of course, a ocial wo ker. For the last couple of years he had not been feeling well—his blood pressure would become extremely high or at times there was something wrong with his blood sugar level-but there was no sign whatsoever that he would leave us so soon for he would himself very often quote Robert Frost's.

"And I have promises to keep
And miles to go before I sleep"

He had many promises to keep and in spite of all these he decided to leave for his heavenly abode on the 4th, February, 1990.

Gyan Lopchan, a well known figure in Kalimpong is no more with us-the sudden news of the passing away of this beloved Sumian plunged the members of SUMI family into grief. We convey our heartfelt sympathy and condolences to all the members of his family. May God grant His peace to the bereaved family.

The true, strong and sound mind is the mind that can embrace equally great things and small.

Samuel Johnson.

" Sir, I was carried away with emotions
—I broke down "
Farewell to Mr. N. W. Targain

Mrs. Kanti Pradhan
Presenting a " token of love " to
Miss M. Namchyo —K. G. Gurama

Sri Zion Lepcha offering the present
to late Sri B. S. Aden.

## सुमाइट

कालिम्पोङ—१९९०

# केही लहर सुमिप्रति

रबिन प्रधान
बाहौं श्रेणी 'कुषि'

के—चढ़ाँउन सक्छु सुमि तिमीलाई
ही—ज अन्धो थिएँ, आज देख्ने बनायौ मलाई
क—म्कन सिकायौ प्रगतिको पथतिर
ह—र असफलतादेखि सफलतातिर,
र—हृन सिकायौ तिमीले मलाई
सु—मार्गतिर बढ़न सिकायौ सधैं कुमार्ग छोड़ेर
चि—लनसार हुन वाध्य गरायौ तिमीले मलाई। यसैकारण
प्र—त्येक शुभकामना एवं धन्यवाद टक्राउँदै,
लि—ओ नाम राख्छु सदा जगते भरी।

(१)

# नोकरी

प्रेम कुमार दाहाल
एघारौं श्रेणी "विज्ञान विभाग"

मध्यरातमा अचानक कमलको निन्द्रा भङ्ग हुन्छ। उ झसङ्ग भएर ब्युझन्छ। सबै साथीहरू आ-आफ्नो ओछ्यानमा निदाइरहेका हुन्छन्। बाहिर वार्डनहरूको बुटको आवाज आइरहेको हुन्छ ठक·····ठक। कमल चारैतिर नजर दौड़ाउँछ, उ आफैलाई जेलभित्र चिसो भुँइमा पाउँछ। कमलको हृदय उकुसमुकुस भएर आउँछ, कमल आँखा चिम्लन्छ अनि कन्चलले मुख छोपेर सुत्छ। उसको हृदयमा भावनाको बाढ़ी उम्लन्छ अनि कल्पनाको श्रोत खुलिन्छ। कमल आफै बुझ्दैन कि उ कसरी यहाँ आउन बाध्य भयो। पिंजरामा ठोक्कर खाए जस्तो, कमल कुदेर जान खोज्छ तर उसको अघि फलामको बार हुन्छ अनि फर्केर आउँछ। अनि उसका नयनका अघाड़ि विगतका सारा घटनाहरू एक-एक गरी नाँच्न थाल्छन्।

● ● ●

सूर्यले भर्खर आफनो घुम्टो लुकायो। चरा-चुरुङ्गीहरू आ-आफना बास स्थानतिर लाग्न थाले। सुनौलो साँझ पर्न थाल्यो।

कमलकी आमा मालती बज्ञ कमानको पत्नी टिपिसकेर घरमा आइन्। अनि दैलो खोलेर चिया टिप्ने टोकरी भुण्ड्याइन्। यतिनै बेला कमल आइपुग्यो।

कमलकी आमा मनमा आशाको दीयो जलाउँदै खोल्छिन्—"कमल इन्टर-मिडको रिजल्ट आएछ ?"

केहि निरास्तो मुहार लाएर कमल भन्छ—"आउन त आएछ आमा तर मेरो नाम छैन रहेछ।"

"जम्मा दश जनाको सीटमा केवल दुइजना मात्र यताको रहेछन्, त्यही पनि माथि सिनेमा हलको मालिकका छोराहरू।"

आमा बोल्छिन्—"ए, तिनीहरू त कलेज नगएर बजारमा घुमिहिड्ने होइन ?"

"म्ही त मैले बुझिन आमा हामी पाँच जना प्रथम दर्जामा पास गरेकाहरूले नपाउनु तिनीहरूले पाउनु।"

केही निराश भएर आमा बोल्छिन्—"कमल हामी जस्तो लाटा सुधाको यो जमाना कहाँ हो, यो त जसको दौलत छ, असले घुस दिन सक्छ उसैको त हो नि।"

"तर आमा म मेरो पिताको सीटमा नोकरी पाउँदिन ?"

आमा भन्छिन्—"त्यो त हो कमल, तर हामीले भने कहाँ हुन्छ र !" तँलाई याद छ कमल ? "जब तेरो पिता कमानको म्यानेजरको अफिसमा क्लर्क काम गर्नुहुन्थ्यो, तर अकस्मात् पिताको मृत्यु पछि म्यानेजरले पिताको बदलीमा अर्को उसैको मान्छे ल्याको छ"।

"तर आमा त्यो सीटमा त काम मैले पाउनु पर्ने हो, त्यसरी कहाँ हुन्छ र !" कमल बोल्छ।

आमा सान्त्वना दिंदै भन्छिन्—"तँ कामको निम्ति सुर्ता नगर कमल, बी० कम० पास गरेको छस्, एक न एक दिन तैंले नोकरी अवश्य पाउँछस् ।"

कमल भन्छ—"हो आमा मैले नोकरी खोज्नै पर्छ, तपाईं मात्र कति मेरो निम्ति हड्डी घोट्नु हुन्छ । म भोलिदेखि नोकरीको खोजी गर्छु ।"

भोलिपल्टदेखि कमल नोकरी खोज्न घरबाट निस्कन्छ । उ दफ्तर-दफ्तर चाहन्छ, नोटिस बोर्ड हेर्छ तर कतै पनि कामको निम्ति भ्याकेन्सी पाउँदैन । कमल सँधै कामके निम्ति डुलिरहन्छ । दिन बित्छ, रात काटिन्छ यसरी नै दुइ महिना बित्छ, तर कमलले हरेज खाएको हुँदैन ।

कमल एउटा अफिसमा गएर त्यहाँको बड़ाबाबुसँग कामको विषयमा कुरा गर्छ । बड़ाबाबु भन्छन्—"अहिले यहाँ कुनै रिक्त स्थान छैन पछि दुइ महिनाबाद निस्कनू ।" कमल यति सुन्ने साथ त्यहाँबाट निस्केर अर्को अफिसतिर जान्छ तर उसले यहाँ पनि त्यस्तै बचनहरू सुन्न पाउँछ । यसरी नै दिन रात गर्दै वर्ष बित्छ, तर कमलको निम्ति कसैले पनि नोकरी दिन सकेन ।

एक दिन कमल एउटा कम्पनीको म्यानेजरको अफिसमा गयो, जहाँ उसले दुइ महिना अघि आवेदन दिएको थियो ।

कमल म्यानेजरको सामने खड़ा भयो । म्यानेजरले उसलाई चौकीमा बस्ने हातले इशारा गरे ।

चौकीमा बसेर कमलले म्यानेजरको एक-एक प्रश्नको उत्तर दिन थाल्छ ।

"तिम्रो नाम कमल हो‌इन" ? म्यानेजर सोध्छन् ।

"हजुर"

"बी० कम० पास ?"

"हजुर" ।

"तिमीले आवेदन गरेको थियौ ?"

"हजुर गरेको थिएँ ।"

कमलको मनमा कता-कता आशाका बढ़कन चल्न थाल्छ ।

म्यानेजर नथकाई बोल्छन्—"कमल, तिमी एडभान्स कति दिन सक्छौ ?"

एडभान्स शब्द सुन्ने बित्तिके कमल छक्क पर्छ अनि सोध्छ—"मैले त तपाईंको कुरै बुझिन ।"

सोझै भाषामा भनूँ भने—"तिमी नोकरीको निम्ति कति पैसा खर्च गर्न सक्छौ ?"

कमल बोल्छ—"म त एक पैसा खर्च गर्न पनि सक्तिनँ साहब" ।

म्यानेजर स्पष्ट रूपमा बोल्छन्—"यसो भए तिमी जाउ यहाँ बाट कमल, कारण मैले पनि मेरो पेट पाल्न पर्छ ।"

अनि केही गर्जेर कमल भन्छ—"कमाएको पैसाले पेट पाल्न पर्छ म्यानेजर साहब तर घुसले होइन ।"

यति भनेर कमल त्यहाँबाट निस्क्यो ।

कमल अहिले उदास भएर हिँड़देछ । उसलाई बरु अहिले बी० कम० पास गरेको प्रमाण-पत्र छात्तीमा टाँसेर बाटोमा

बसेर भिल्ल माने कसैले देलान् तर नोकरी भने अहिले कसैले पनि दिदैन । कारण यहाँ इज्जतको मूल्य छैन, यहाँ त केवल मूल्यवान छ पैसा ।

कमल केही पर बाटामा जाँदै थियो उसको अघि उसँगै पढ्देका पाँच जना साथीहरू देखा परे ।

कमललाई देखेर एउटा साथी भन्छ—"अरे कमल आज कताबाट एकले ?" अर्को साथी भन्छ—"आज कमललाई बहु भेटेको दिन जौं होइन रेस्तुराँतिर ?"

"ठीकै त हो नि साथी कति पीर-हरूमात्र भोगिबस्नु कि कसो हो कमल ?" अर्कोले थप्यो ।

कमलले केही पनि बोल्न पाएन । उ साथीहरूको पछि-पछि हिँड्न थाल्यो । सबै रेस्तुराँभित्र पसे । क्याबिनमा बसेपछि दिपकले सल्लाह माग्छ—"साथी हो आज साह्रै जाडो छ लगाऊँ होइन एक दुइ पेग ?"

"ठीकै हो लगाऊँ" सबै एक स्वरमा कराए ।

दिपकले बेरालाई एकै चोटी दुइ-दुइ पेगको अर्डर गर्छ ।

कमल यसको इन्कार गर्दै भन्छ—"म लिन्न यो बहु कफि मगाउँन ।"

"होइन-होइन एक गिलासले त केही पनि हुँदैन नि" । अर्को साथीले जबरजस्ती गर्छ ।

"होइन, तिमीहरू दुःखित मन नगर यो चोज मैले कहिल्यै लिएको छुइन ।"

कमलले भनिसक्दा बसक्दा बेराले छः वटा गिलास ल्याएर टेबलमा थपक-थपक्क राखि-दिन्छ ।

कमलले घर पाएन उ गिलास समाउन बाध्य भयो ।

कमल केही निराश देख्दा दिपक भन्छ—"नोकरीको सुर्ता नगर कमल कारण हामी पनि सबै बेकारी नै छौं ।"

अहिले कमललाई दिपकले भनेको कुरा ठीकै जस्तो लाग्दैछ । उसले अहिले सबै पीर-मर्काहरू भुलिदिए जस्तो छ । नोकरीको अनि घरमा आमालाई पनि बिर्सिदिए जस्तो छ । यसो गर्दा-गर्दै कमलले सब कुरो बिर्सिदियो । कमल शरीरमा अरू साथीहरूको जस्तो जोश उम्लिरहेछ । अहिले उ क्याबिनमा साथीहरूसँग हाँसि-रहेछ । सबैले गिलास रिंगाउँछन् अनि कमल साथीहरूबाट छुट्टिएर घर पुग्छ ।

आजकल कमल प्रायः घरमा बस्तैन । उ साथीहरूसँग सिनेमा, पार्टी आदितिरै हुन्छ । उसलाई सबै पीरहरू भुल्ने साधन नै मनोरञ्जन जस्तो लाग्छ । घरमा आमा-लाई नोकरी खोज्न जान्छु भनेर उ साथीहरूसँग गल्ली गल्लीको गल्ली बसलतिरै हुन्छ । कारण आजकल कमलको परममित्र नै रक्सी बनिसकेको छ । तर घरमा आमालाई भने छोरामा आएको परिवर्तन बारे पत्तै हुँदैन । कमलले नोकरी खोज्न पनि छाडिदियो, उसलाई त रक्सी र गल्ली पसल भए भइजान्छ । अनि उसले नोकरी अनि आफ्नो जिन्दगी रक्सीको बोतलमा सुम्पिदियो ।

अनि एक दिन—

कमल अनि उसका साथीहरू शहरको एक गल्लीबाट दुख मातेर निस्के। मातेको झोंकमा दिपक भन्छ—"कमल तिमीलाई त्यस म्यानेजरले घुस माग्यो अरे ?" "त्यसको आज चिन्ता गर्नुपर्छ।"

"कुन हो त्यो म्यानेजर एक गरीब बेकारीलाई घुस माँग्ने ?" सबै एकै स्वरमा कराए।

मातेको झोंकमा कमल बोल्छ—"त्यस दिनको बदला आज म लिन्छु त्यस म्यानेजरलाई नमारी छाड़दिन।"

सबै बेसुरमा म्यानेजरको अफिसमा पसेर भण्डाफोर गर्न थाले। काममा व्यस्त भएका कर्मचारीहरू चोर-चोर भन्दै भाग्न थालछन। कमल सिधै गएर म्यानेजरको घाँटी बठ्याउन पुग्छ। म्यानेजर फुटकन थाउँदैनन्। केही बेर मै पुलिस गाड़ीको साईरन सुनेर कमलका साथीहरू सुईकुचा ठोक्छन् तर कमल भने केही नसुनी म्यानेजरको घाँटी समाइरहेको हुन्छ।

"हात छाड़ कमल म्यानेजरको गला बाट।"

यो सुन्ने बित्तिकै कमल झसङ्ग भएर वेलोतिर हेर्छ, पुलिस इन्सपेक्टर आफ्नो पिस्तौल उसको छातीतिर फर्काइरहेका हुन्छन्। कमलले म्यानेजरको गलाबाट हात छाड़िदियो; तर म्यानेजर भने अगि नै निष्प्राण भइसकेका हुन्छन्। पुलिस इन्सपेक्टरले कमललाई हातकड़ी लगाए अनि पुलिस गाड़ीमा हालेर थानातर्फ लैजान्छन्।

यसपछि कमललाई म्यानेजरको हत्याको अभियोगमा चौध वर्षको कारावासको दण्ड भयो।

तर यता घरमा बामा भने राती दश बजेसम्म कमललाई कुरेर बसिरहन्थिन्।

● ● ●

यी सबै घटनाहरू सम्झिसकेपछि कमललाई सपना जस्तो लाग्छ। उ आफैलाई नियाल्छ—उसका दुबै नयनबाट अविराम गतिले अश्रु बगिरहेथ्यो। अनि उसलाई फेरि उही जेलको चिसो भूँइमा पाउँछ। उसको हृदयमा बाढ़ उम्लन्छ अनि मुटु काम्छ। कमल कमराको चारैतिर नजर दौड़ाउँछ तर सिमेन्टको भित्ता बाहेक केही देख्दैन। कमल फेरि कुदेर जान खोज्छ तर फलामको बारमा अड़कन्छ। उ फेरि फर्केर आउँछ। अनि बाहिरबाट उही वार्डनहरूका बुटको आवाज आइरहेको हुन्छ ठक···ठक···ठक !!

# मातेको मान्छेको भाषण : मध्य रात पछिको सड़कसित : मेरो नजरमा ❁

कर्ण बहादुर वामलिङ
भूतपूर्व छात्र ।

पाँचथर जिल्ला अन्तर्गत पौवा तार-ताप गाउँमा वि० सं० १९९६ श्रावणमा जन्मने तिलविक्रम नेम्बाङ शुरुमा ओभाङ हाङ विद्यालयमा अध्ययन गरेका थिए । पछि श्री पद्मोदय आदर्श हाई स्कूलमा अनि अन्तमा सरकारी महाविद्यालय दार्जीलिङमा अध्ययन गरेका तिलविक्रम नेम्बाङ, दार्जीलिङमा हुँदै मित्र ईश्वर बल्लभसँग मिलेर 'कोठी गोष्ठी' साहित्य प्रतिष्ठानको संस्थापन गरेका थिए । पछि ईश्वर वल्लभ र इन्द्र बहादुर राईसँग मिलेर 'आयामिक आन्दोलन' पनि शुरू गरेर आयामिक कविताहरू पनि लेख्न थालेका थिए ।

साहित्यमा प्रवेश ईश्वर वल्लभको सम्पादनमा निस्किएको 'फूल-पात-पत्कर' मा कविताबाट भएको थियो । फेरि नेम्बाङद्वारा नै इन्द्र बहादुर राई र ईश्वर वल्लभसँग मिली 'तेस्रो आयाम'-को सम्पादन गरेका थिए । यसरी नै आयामिक परम्परा फष्टिन्दै गएको छ । उनके शब्दमा आयामिक लेखन "यौटा ( एउटा—लेखक ) साधारण मान्छेको व्यक्तिगत जिन्दगी सामाजिक परिवेशमा फिजिएर चेप्टिन्छ । तेस ( त्यस—लेखक ) सामाजिक परिवेशको जटिलताको विरुद्ध जिन्दगीलाई बाँचिदिने महत् प्रयत्नमा बौद्धिक मान्छेको जन्म हुन्छ । यसरी सामाजिक परिवेशमा चेप्टिएको साधारण सरल रेखामा व्यक्ति जिन्दगी बौद्धिकता बोकेर महिरिन्छ; अलिगन्छ अथवा मोटो हुन्छ । सोलोडोलो बन्दछ ।"★ यसर्थ आयामिक लेखन सम्पूर्णतामा धोल्दा हुन्छ । तर तिलविक्रम नेम्बाङ साहित्यमा वैरागी काईंलाको नाउँले प्रचलित छन् ।

वस्तुतः वैरागी काईंलाका कविता 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित' तिनकै यात्रिका 'तेस्रो आयाम'-मा प्रकाशित भएको थियो । समालोचक-हरूका दृष्टिमा सफल कविता 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़क-सित' 'वैरागी काईंलाका कविताहरू (२०३१)' मा संग्रहीत छन् । प्रभावशाली र बढ़ी सशक्त देखिने कवितामा नौला-नौला प्रयोग एवं विसंगतिलाई उग्र स्वरमा प्रस्तुत गरेका छन् । यसर्थ यसै कविताबाट तिनलाई समालोचक डा० तारानाथ शर्मा सर्वश्रेष्ठ आयामेली कवि ठादन्छन् ।

वैरागी काईंलाका कविता 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित' सामाजिक रूढ़ीवादलाई प्रश्नाघात खोजेको देखिन्छ । जस्तै शुरूमै—

आधा रातपछि
रक्सी दोकानबाट, म के निस्केको छु :

---

❁ सर्वप्रथम पाठ्य रूपमा नवौं श्रेणीमा पढ़िएको उक्त कविताको पुच्छर थिएन ।
★ तेस्रो आयाम—सम्पादकीय ( वर्ष १ अङ्क ४-५ )

प्रत्येक खोंगी र खोर भित्रबाट
पखेटा फट्फटाउँदै विद्रोहको
कुखराको भाले बासेर मेरो स्वागत गर्दछन् !
यहाँको वातावरणको निम्ति
यहाँको निर्जीवताको निम्ति
यहाँको व्यवस्थाको निम्ति

कति बेफायदामै बितेछ जीवनको आधा अंश; अब रक्सीले जागरुकता ल्याउँछु, किनकि कुखराका भालेहरूले प्रत्येक निर्जनतालाई प्रेरणा दिन्छन् । यो बेहोश अवस्था कुखराका भाले जस्तैले आफ्ना पिञ्जराबाट मुक्त हुन नसकेको प्रमाण दिन्छन् अनि यसरी क्रान्तिको जन्म हुन्छ ।

यही विचारधारा लिएर कवि विद्रोह गर्छन् । कविले आयामवादमा विद्रोहवाद पनि सजिलैसित ओकलेका छन् । साहित्यको क्रम विभिन्न विचारधारामा बगे पनि सामाजिक औचित्यसित निर्भर नभएको रहन्छ । यसैकारण साहित्यले सम्पूर्ण जीवनलाई उमाल्न कति गाह्रो पर्ने कुरो होइन ।

कवि वैरागी काईंलामा कतिसम्म जागरूकता देखिन्छ भने उनका कविताले प्रष्ट्याउँछ; जुन कविताले अरूमा पनि जागरुकता ल्याउन चाहन्छ । जस्तै—
मलाई दुःख लाग्छः

अझै सुत्दछन् यी गँनेउला झैं गुजुल्टिएर
आत्म-पराजित मानिसहरू

निर्धो मानिसलाई सुताउन चाहँदैन औ सुतेकाहरूलाई खिशी गर्छन् आत्म-पराजित भनिदिएर । हुन पनि सहनुको पराकाष्ठा नाँघ्दा अनौठो नै हुन जान्छ । यसैगरी शोषकहरूलाई तीखो व्यंग्य दिन हिचकिचाउँदैन । यसरी त प्रत्येक प्रहरी (पुलीस)लाई प्रतिनिधि ठान्दै गाली गर्छन् औ घरहराका मालिकलाई लाटकोसेरो सम्बोधन दिन्छन् । जस्तै—

गगनचुम्बी भवन तथा घरहराका
सिरान-सिरानको कोठाभित्र
रात-रातभरि बल्दछन् नीला-नीला गुलुप
लाटकोसेरोका आँखाहरू
यहाँ रातभरि लाटकोसेरोले आँखा देख्दछन् !
यहाँ रातभरि लाटकोसेरोले कस-कसको
बाटो ढुक्छ !

* * *

छेउ लागेर हिँड्रिहेका प्रत्येकलाई
औंलाएर भन्छन्, पुलीस—
यो मातेको छ ! त्यो मातेको छ !!

* * *

जब म भन्दछु, छेउको मूर्ख पुलीस
मलाई पक्डन तैयार छ किनकि म मातेको छु !

कवि काईंलामा सचेतना जगाउने भावना छन् जुन कवितामा ढाल्दछन् । त्यसो त आयामवादले प्रत्येक पीढ़िलाई घच्घच्याउँछन् । त्यसैगरी म्याथ्यु आर्नोल्डले यसो भनेका छन्—Poetry is at bottom a criticism of life. कवि काईंलाको कलमबाट निस्केको उक्त कविता युगको प्रतिनिधित्व गर्दछ । हुन पनि कविताले युगको प्रतिनिधित्व नगर्दा युगको उपलब्धि बताउन नसक्ने स्पष्ट हुन्छ । यद्यपि 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित' 'वैरागी काईंलाका कविताहरू (२०३१)' मा संग्रहीत उच्चकोटीमा सभिन्छन् किनभने कविताको प्रष्फुटन संकीर्णतावादीहरूलाई सावधानी गराएर विचार उघार्ने भावना

मात्र होइन यथार्थ हुनजान्छ । यसैगरी आयामको तराजुमा जोड्दा सम्पूर्णता पाउन सकिन्छ । जस्तै—

यसर्थ, म हुकुम गर्दछु:
अझै तिमीहरू फाटिदेऊ, च्यातिदेऊ, फेलिदेऊ !
तिम्रा फैलावटका सीमामाथि अतिक्रमण गर्ने
प्रतिक्षण इतिहास बनिरहेका क्षणसित
यी ठूला-ठूला बिल्डिंगका पेटीहरू,
मात्र शासन गर्ने परिवारका
प्रशस्ति र वंशावली लेखिएका
इतिहासका नाङ्गा पन्नाजस्ता
यी पेटीहरूलाई
मुटुदेखि मस्तिष्कसम्म चिरिने गरेर
तिमी च्यातिदेऊ—फाटिदेऊ,

आयामले संकीर्णतालाई उघार्न चाहन्छ, फैलावट चाहान्छ अनि परम्परालाई तोड़ेर सजग तुल्याउनेसम्म विचार गरेको प्रष्ट गर्छ। परम्परामा व्यर्थका कुराहरू इतिहास बनेका छन् । यसैगरी बिल्डिंगतिरका वंशावलीको इतिहास अन्त हुँदैन अनि च्यातिएर फाटिएर सम्पूर्णता बोल्ने मन्त्र पनि प्रष्ट गर्छन् ।

अब कवि काईंला प्रत्येकलाई बौराएर उठाउने कुरासम्म मुल्न चाँहदैन । सगर राजाका श्रापित सहस्र-दश पुत्रसम्मलाई जगाउन चाहन्छन् र आशा गर्दछन् । जस्तै—

आकाशबाट बोतलको स्वर्गङ्गाको जल
भगीरथको आस्थाले छर्किरहेछु तिमीमाथि,
तिम्रो निधारमाथि, आँखामाथि, छातीमाथि !
यो जो बगाइरहेछु बोतलका बोतल—
रक्सी सड़कमाथि,
थोपा थोपा पिएर
उठ, उठ बौरिएर ए मेरा पिताहरू हो !
ए सगरका शापित सहस्र—दश पुत्र हो !
अनि, यसपल्ट हिमाल जत्रो मुठीले
क्षितिजका गहबाट कचेराको कुइरो पुछेर
मसित हेरिदेऊ—प्रथमपल्ट:
आँखाले म्याउन्जेलसम्म
हामी हाम्रो बारेतिर
बिजयको निम्ति युद्धभूमि, र—
जिन्दगीको निम्ति उज्याले-उज्यालो मात्र
देख्दछौं !*

यहाँ कविले जसरी हुन्छ जुर्मुराई उठ्ने प्रेरणा दिन्छन् । रक्सीलाई पवित्र जल जो स्वर्गबाट बहेको ठान्दछन्, तर प्रत्येक थोपामा जागरुकताको रस पाउने कुरा चर्चा गर्दछन् । यहाँ रक्सीको थोपाद्वारा जोश उपलब्ध गराएर युद्धभूमिबाट विजय पाउने आशा गर्दछन् । यसरी विजयको दुन्दुभिबाट उज्यालो पक्ष स्वाभाविक ठहर्ने कुरा पनि व्यक्त गर्दछन् ।

कवि काईंलामा सशक्त चाहना र विद्रोह भावनाको उम्मेद दोहोरिएर पनि 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित' पछि हराउँछन् । नेपाली साहित्यले अझै धेरै चाहना नराखेको होइन । फेरि पनि 'तेस्रो आयम' पुनः दोहोरियोस् जुन नेपाली साहित्यमा सर्वश्रेष्ठ उपलब्धि भइदिन्छ (भइदिएके पनि छ) । तर वैरागी काईंलाको साहित्यिक प्रतिभा यतिमै अन्त हुनु दुर्भाग्यपन ने भन्ठान्नु उचित होला ।

* यो अन्तिम पंक्ति पाठ्य पुस्तकमा उल्लेखित छैनन् ।

Morning assembly,
but on the reverse-That's
what we do on the
Independence Day

The traditional serpentine
—on the way to the
Melaground

The march-past
—The SUMI Scout Style

The ' Tens ' with the Principal
and their Class teachers

XA

XB

XC

'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित' के कविता पंक्तिले अल्लाई चेतना दिनुको सट्टा 'आकाशमा थुकेपछि आफ्नै अनुहारमा छिटा' हुनसक्छन् । जस्ते—

अनि रक्सीले छाती भरेपछि
मलाई पनि लाग्छ कि मभित्र यति
विशालता आइसक्यो
कि यो सड़कको संकीर्णतामा अब नअँटाउने
भइसकेको छु !

जे भए तापनि वैरागी काइला 'तेस्रो आयाम' को सम्पादक सम्पूर्ण नयाँ विचार-धाराहरूमा उभेका छन् । कवितामा यथार्थ चित्रण प्रस्तुत गर्छन् । 'प्लान्चेटको टेबिल-माथि' अर्को उद्घोषणा गर्छ, 'गंगा नीलो बग्छ' मा फेरि उद्घोषणा गर्छ । कविको जीवन उद्घोषणाके लागि भए जस्तो कविता लेखिरहन्छन् । वैरागी काइला वा तीलविक्रम नेम्बाङको विचार समसामयिक कालमा उच्चकोटिको पाउँछौं । यसैले 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सड़कसित'बाट तिनलाई उच्चकोटीको सिढी-सम्म पचेट्दा उचित ठहछे ।

---

सन्दर्भ— १) नेपाली साहित्यको संक्षिप्त इतिहास ( दोस्रो संस्करण ) डा० दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा

२) प्रतिभै-प्रतिभा र नेपाली साहित्य—घटराज भट्टराई
३) भानुभक्तदेखि तेस्रो आयामसम्म—डा० तारानाथ शर्मा
४) वैरागी काइंलाका कविताहरू—वैरागी काइंला
५) तेस्रो आयाम ( पत्रिका )—[ वर्ष १—अंक :- ४-५ ]

---

स्वीकृति पत्र—

'सुमियन्स् विद्यार्थी साहित्य मार्ग ( सुविसा मार्ग )' द्वारा प्रकाशित 'सुमार्ग—१९८४' को लागि 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान' र 'मदन पुरस्कार पुस्तकालय'-बाट प्रेरणास्वरूप स्वीकृति पत्र, हामी हाम्रो पुरानो स्कूल पत्रिका 'सुमाइट' बाट प्रकाशनमा ल्याइरहेका छौं ।

सम्पादक—सुमार्ग
१९८८

## नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

काठमाडौं,
नेपाल
२०४५ पौष १३ ।

श्री कर्णबहादुर चामलिङ,
कालिम्पोङ,
भारत ।

विषय : सुमार्ग प्रति बारे ।

महोदय,

उपर्युक्त विषयमा, यस नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलाई उपहार स्वरूप सुमार्ग पहिलो यात्रा उपलब्ध गराई सहयोग पुऱ्याउनु भएकोमा यहाँलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा-पुस्तकालयको तर्फबाट आभार व्यक्त गर्दछु ।

केशवचन्द्र न्यौपाने

## मदन पुरस्कार पुस्तकालय

पत्र-संख्या क५००

कर्णबहादुर चामलिङ
एस० यू० एम० आई०
कालिम्पोङ्ग ।

महोदय,

तपाईंले अत्यन्त कृपा गरी पठाउनुभएको तपसीलका पत्रिका प्राप्त भयो । यसै गरी भविष्यमा पनि सहयोग पाइरहने आशा गर्दछौं ।

सहयोगको लागि धन्यवाद ।

तपाईंको विश्वासी,
वासुदेव शर्मा
पुस्तकालयाध्यक्ष

● ● ●

# भन्नु हुँदैन

विजय सुन्दास
एघारौं श्रेणी 'कला'

अमावस्याको कालो रातमा
देखेको भयानक सबै सपनाहरू सँगाल्दै
उषाको चोखो लालिमय
मिरमिरे बिहानीको आशामा
एक हातमा राँको लिएर
पहिलो भालेको डाकमा बिउँझी
संकल्प गरी सुर्योदयको
कलस भरेर राखेथें,
बिबश घोप्टियो कलस अँधेरीमै
घामको उज्यालो देख्न नपाई
असफल मेरो सपना
मिरमिरे बिहानी हुन नपाई
असफल मेरो सपना चोर्ने
आईन एक नर्तकी रातो घुम्टो ओढ़ेर
नाँच्न र नचाउनलाई
हाँस्न र हँसाउनलाई
हर कसैले थाहै नपाई
चुमिदिएछन् को हो कसैलाई
यसरी नै कसरी कसरी
समयले कोल्टो फेरेछ
म त लाटो दर्शक मैं हेरेको हेरै भएछु
न निदाउँछु रातमा
न भोकाउँछु दिनमा
म त मातिसके लाजले
तर यस्तो लाजको कुरा
भन्नुहुँदैन कसैलाई ।

# मसल म्यान

अमर माइकल
एघारौं श्रेणी 'कला'

"श्री प्रेम चन्द्र डोगरा" ३१ वर्ष एक महान पहलवान् अथवा 'बडी बिल्डर' जो भारतको लागि गौरव गर्ने कुरो छ ।

उनले हालै श्रीसवेनमा भएको 'मिस्टर युनिवर्स' प्रतियोगितामा सफलता प्राप्त गर्नु भएको छ । उहाँलाई 'मिस्टर युनिवर्स'-को उपाधि प्राप्त भएको छ ।

मिस्टर युनिवर्स श्री प्रेम चन्द्र डोगरासँग सुमीत मुखर्जीको भेटवार्ता यहाँ प्रस्तुत छ ।

प्रश्न—मिस्टर युनिवर्स भन्नाले तपाईंले के बुझ्नु भयो ?

उत्तर—सबै कुरा । यो एउटा ठोस परिश्रमको फल हो ।

प्र०—यो के आशारहित थियो ?

उ०—हो थियो । तर मैले जानेर जो गर्न सिकें यसको फल १९८६ मा टोकियोमा म 'रनर अप' भएको थिएँ । तर सबै भाग्यको कुरो हो । तर मेरो सफलता एकदमै आश्चर्य थियो ।

प्र०—तपाईंको परिश्रम धेरै लामो अवधिसम्म थियो ? अनि तपाईंले यस वर्षको "मिस्टर एशिया" प्रतियोगितामा भाग लिन नपाउँदा बिस्वाद भयो कि ?

उ०—निश्चय । तर मैले यसलाई रद्द गरिदिएँ अनि यो मेरो परिश्रममा त्रुटि भयो । यो वर्षको उपाधि मेरो छेटौं पल्ट थियो ।

प्र०—यसमा के त्रुटि भयो ?

उ०—हाम्रो संस्थाले १९ ता० अक्टोबर ४४ प्रतियोगिताको लागि तयारी गर्दै थिए । प्रतियोगिता २० ता० अक्टोबरमा थियो । तर भारतीय संस्थाले अबेर सूचना पाए । तर भारतीय विमान सिधै सिंगापुर जाने थिएन जो खाली दिल्ली, बम्बई अनि मद्रास भएर जाने मात्र थियो । यसैमा म अबेर भएँ ।

प्र०—तपाईं किन भारतीय उड़ानमा जानु पर्ने भयो ?

उ०—यहाँ चुनिने मौका थिएन । सरकारले मलाई सफलता प्राप्त हुँदा मात्र उड़ान जहाज दिए । जो प्रतियोगिता गोल्ड कोस्ट क्वीसब्रेन अष्ट्रेलियामा सम्पन्न भएको

थियो । तर म यहाँ पनि ढिलो भएँ । म चढ्दैको उड्डान १० घण्टा अबेर पुगेको थियो । तर मलाई यहाँका संस्थाका संयोजकले कन्सिडर गरे ।

प्र०—प्रतियोगिता कस्तो प्रकारले भएको थियो ?

उ०—जम्मा पचास देशहरूले भाग लिएका थिए तर छानिंदा अस्सी केजीको श्रेणीमा तीस जना मात्र भयो । यो प्रतियोगितामा भाग लिन चीन, रुस, अनि अमेरिका इत्यादि देशबाट आएका थिए । तिनीहरू परंपरागत प्रकारले भाग लिएका थिए । यो वर्ष यूरोपियन चेलेन्ज एकदमै गाह्रो प्रकारको थियो ।

प्र०—तपाईं कसरी चुनिनु भयो ?

उ०—मैले अघि भनिहालें—मेरो श्रेणीको तीसजना प्रतियोगीहरू थिए र अन्तमा छः जना फाइनलमा बसे । सबैलाई सात-सात वटा पोज गर्न लगाई अन्तमा न्यायकर्ता-हरूले मलाई सफलता दिनुभो ।

प्र०—न्याय कस्तो थियो ?

उ०—न्याय सफा थियो । यो नपाउनु मेरो दुर्भाग्य थियो ।

प्र०—तपाईंले यो उपाधि पाउनु भयो त्यसको फल के भयो ?

उ०—तिनीहरूले मलाई पुरस्कारको रूपमा एक लाख रुपियाँ दिए । मैले ८८ सालमा 'पद्मश्री' र ८६ सालमा 'अर्जुन पुरस्कार' पाएको छु । तर एउटा दुःखलाग्दो कुरो 'मिस्टर एशिया' प्रतियोगितामा भाग लिन पाइन ।

प्र०—दूरदर्शन सिरियल महाभारतमा तपाईंले भीमको भूमिका निभाउनु भएको छ रे हो ?

उ०—हैन । यो मेरो चुनौति हुनेछ । केहि छैन म एउटा भिडियो फिल्म निर्माण गर्नेछु । त्यस फिल्मको नाम 'मेकिङ अफ मिस्टर युनिवर्स' हुनेछ ।

प्र०—के यो दूरदर्शनमा हुनेछ ?

उ०—हुने छैन । तर दूरदर्शनले यसलाई किन्न सक्नेछ ।

प्र०—के यो बडी बिल्डिङ ओलम्पिकको लागि अनुशासित छ ?

उ०—यो एउटा यस्तो खेल हो र पछि ओलम्पिकमा प्रवेश गर्नेछ ।

प्र०—तपाईं प्रतियोगितामा जाँदा अबेर हुनु भयो ? औ भारतको लागि स्वर्ण पदक प्राप्तिको निम्ति किन ?

उ०—यो एउटा भाग्यको कुरो हो र म आफ्नो प्रोफेशनल पारामा चल्छु ।

प्र०—किन प्रोफेशनल पारामा चल्नु हुन्छ ?

उ०—तर मेरो स्वार्थको निम्ति हैन । म एशिया, भारत, संसारमा चेम्पेन भएँ तर मेरो एउटा इच्छा छ यो 'मिस्टर ओलम्पिया' हुने । जसलाई अलौकिक पेशादार 'बड्डी बिल्डर' भन्दछ ।

प्र०—तपाईंको मुख्य भोजन हुनपर्छ होला यसबारे केही बताइदिनु हुन्छ कि ?

उ०—त्यसो भए तपाईंले मलाई बेसी खानु हुन्छ होला भनी सम्झनु हुन्छ हैन ? हेर्नोस् मैले आफ्नो शरीरलाई चाहिने मात्र लिन्छु, जो प्रोटिनयुक्त हुन्छ । म दिनमा एक लिटर दूध, र बिहानको ब्रेकफास्टमा छः वटा अण्डा, तोस रोटी, घिउ, फल-फुल अनि दूध अनि लन्चमा भात, चपाती, माछा अथवा कुखुरा, हरियो साग-सब्जी इत्यादि । डिनरमा चपाती, माछा, मासु अनि दूध । र व्यायाम सकेर केही फलफुलको रस ।

प्र०—के तपाईंले 'बीफ'-को मासु खानु हुन्छ होला के यो प्रयोजन कुरो हो ?

उ०—हो, तर मेरो धर्मले दिँदैन तर म प्रयास गर्छु यो नभै शरीरमा मांसपेशी गठन हुँदैन ।

प्र०—भारतमा किन 'बडी बिल्डिङ' प्रचलित छैन ?

उ०—यो एउटा खर्चालु खेल हो । धेरै जना यसलाई चाहिने भोजन पुऱ्याउनु सक्तैन र आजकलका जवानहरू यसमा ध्यान पनि दिँदैनन् । अनि अभ्यास गर्नेवालाहरू पनि छैनन् । अनि सिकाउनेवाला पनि छैनन् ।

प्र०—के तपाईंले सिकाउने इच्छा गर्नु भएको छ ?

उ०—मेरो इच्छा यो छ कि आजकलका युवाहरूका निम्ति एउटा व्यायामशाला खोलेर शरीरलाई बिकास गर्ने र डरलाग्दो बिमारदेखि बचाउनका निम्ति औषधी रहित ।

प्र०—केही शब्द आउने भावी सन्तानलाई छ कि ?

उ०—म यति भन्न चाहन्छु कि यो बडी बिल्डिङ देखाउनेका निम्ति मात्र हैन । यो एउटा कला र विज्ञान हो । जो आफै भित्र रहन्छ अनि आफ्नो स्वास्थ्य स्वस्थ रहन्छ । अनि यस खेलमा भारत सरकारले ध्यान, उत्साह र सहायता गर्नुपर्छ र भारतको राष्ट्रीय खेलमा गाभिनुपर्छ ।

धन्यवाद

सन्दर्भ—
विकनेट रिडिङ्
(अमृता बजार पत्रिका)

# दोसाँधे

श्रवण गुरुङ
एघारौं श्रेणी कला

( १ )

विवश म मातिएर
आफै आफ आतिएर
केही सम्झन खोज्छु
केही बिर्सनु खोज्छु
यही फेरि सम्झन्छु तो कुराहरू
यस्ते बिर्साई र सम्झाईहरूको
पागलपनले

( २ )

कति अँधेरी रातहरूमा रुँदै
कति जुनेलीरातमा हाँस्दै
एकले हिंड्छ यो जिन्दगी
बिर्सेर हो कि सम्झेर शायद
हिंड्दैछ यो जिन्दगी
निरन्तर जीवन यात्रामा

( ३ )

बिर्सन पर्ने सम्झेर
सम्झन पर्ने बिर्सेर
बिर्साई र सम्झाईको द्वन्द्व लिएर
एक्लै हिंड्दछ यो जिन्दगी
अँधेरी उज्याली रातहरूमा
कसैलाई सम्झेर पनि
उसैलाई बिर्सिएर

( ४ )

हाँस्छ यो जिन्दगी हँसाउनलाई
रुन्छ यो जिन्दगी रुवाउनलाई
बाँच्छ यो जिन्दगी
सम्झेर पनि बिर्सनलाई
बिर्सेर पनि सम्झनलाइ ॥

# उपन्यास 'मने'लाई नियाल्दा

नवीन पौड्याल
एघारौं श्रेणी, कला

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले नयाँ पाठ्यक्रममा उपन्यास 'मने'-लाई गाभिदिएको छ । यो श्री सुवासको कृति हो । यहाँ दार्जीलिङ्को डाँडा-काँढा र त्यसके परिवेशमा समेटिएको छ । चियावारीका करुण गाथाहरू, कमाने व्यथा-हरूले भरिएको उपन्यास आधुनिक राज-नीतिमा गाभिएको छ । उपन्यासका पात्र-पात्रीहरू निम्नवर्गीय कुलमा छर्लङ्ग भएर सजीव रूपे उभिएकाछन् । लेखकले ऐतिहासिक, भौगोलिक, मौलिक, बाँयापट्टि लगाए मने, राजनैतिक चेतना, जागृत र आर्थिक समस्या दाँयातिर मोड़िदिन्छन् ।

मने र मनमाया यस उपन्यासका मुख्य पात्र-पात्री हुन् । निम्नवर्गीय जनजीवनमा उनीहरूको मीठो प्रेमका झलकहरू देखाइ-दिएका छन् । जस्तै—

"मनमाया र मने दैलो थुनेर लिङ्गे पीड खेल्न जान्छन् । मनेले फूल टिपुँला जतिके गरेर पीड मच्चाउँछ । मनमायाको मुटु नै चिऊँ-चिऊँ हुन्छ । अँ अहिले मनमायाको आँखीभौं माथि-माथि उचालिए-को छ ।

भुँइबाट कातर स्वरमा—लड़नुहुन्छ ! साहे नमच्याउनु हवस्" ।

अन्य पात्र-पात्रीहरूमा मनमायाका बाबुआमा, झुमाकी आमा, फुलौरीको आमा, जैसी बुढ़ो, मास्टर बाबु ई० ग्रामीण जीवनका उपयुक्त नामहरू जसले नेपाली संस्कृतिका सच्चा प्रतीक उपस्थित गरेका छन् । मने एक टुहुरो केटो जसको आमा-बाबु, दिदी-बहिनीको प्राण भूगर्भमा भासिएको थियो । मने मात्रै घरदेखि टाढ़ा हुनाले त्यो एक पहिरोबाट बाँचेको थियो । त्यसपछि मने एउटा घरमा काम गर्न थालेको थियो । दैवको सटानुसार उ मुरली बजाएर कमाने व्यथा, पीर मर्का स्पष्ट पारेको थियो । मनेको मुरली सुनेर सबैले पहाड़बाट मुल्लान पसेको, माया-प्रीति बसेको, आफ्नो लौग्नेको, आफ्नो स्वास्नीको, सन्तानको सम्झनाले घाउमा नुनचुक पारिदिन्छ ।

कवि अगमसिंह गिरीले मने उपन्यास-बारे लेख्दा के भन्छन् भने "हाम्रो परम्पराको इतिहास जीउँदो छँदै छ तर उपन्यासमा समेत त्यस ऐतिहासिक सत्यता-लाई जतातते छरेर कुण्ठित बन्दै गइरहेको हाम्रो जातीय जीवनको अस्तित्वलाई ढल्न-देखि सचेत हुने उनी एक सबल संकेत दिन्छन् । उपन्यासको स्मरणीय विशेषता यो पनि हुन गएको छ ।" अझ हामीले स्पष्टसित भनौं भने 'मने' उपन्यास चियाबारी मात्र नभएर सारा नेपाली जीवनको सभ्यता, संस्कृतिको प्रतिक हो । उपन्यासकारले एक ठाउँमा लेखेका—"अँ, अहिले मने नागगढ़ी ( नागरी ), फुवागढ़ी, मैनागढ़ी, सिलगढ़ी र जलपागढ़ी (जलपाइगढ़ी) मुरली बजाएर घर फर्केको.....।" यहाँ उपन्यासकारको तात्पर्य के छ भने यी केही गढ़ी नेपालीका मौलिक स्थान हुन् । यहाँ इतिहासलाई झल्काउन चाहन्छन्, नेपाली-हरूलाई जगाउन चाहान्छन् ।

The Principal, Mr. N. R. Pradhan introducing Mr. C. T. Bhotia, Ranger, Social Forestry Dept to the 'Vocationals,

was something lost ?
Ban mahotsava
1989

We have Carpenters and Sweepers among the Scouts

'A' for- 'apple'
No A for "aeroplane"
— learning to make words
I—K. G. children



Are all making use of
Reading room ?
Senior boys in the Library



Badminton Champion
—Samten Benoy Kabo
receiving championship
trophy from the SDO

"……भनौ, फुलौरीको आमा दार्जीलिङ्गको इतिहासको भूमिका भएर बाँचेको छ। चियाको बोट त हिजअस्ती उसको बड़ाबाबु र बाजेले रोपेको अरे! त्यतिबेला फुलौरीकी आमा जामा लगाउने सिगाने केटी थिई अरे। उसको बाबुले त मेचीपारी गएर मान्छे नपुगेर"—यहाँ फुलौरीको आमाले जाने-सुनेको इतिहासका कथाहरू। गाउँका बुढ़ा-पाकाहरूले पुराना कथाहरू भने झैं उपन्यासकारले फुलौरीको आमाको हैसियतले भन्छन्। वेदनामय गाथाहरू विस्मृतिका गर्भमा मासिनु लागेकालाई झक्काउन चाहान्छन्। उपन्यासकार केरि माहिला बूढ़ोको मुखबाट "……ल्यो-ल्यो पार्टीले चाहिं के तछान्यो? सधैं हामी गरीबका गरीब……।" "हामीलाई हाम्रो लाश गाड़ने आफ्नै माटो चाहिन्छ"। हाम्रो संस्कृतिमा भाती-जाँड़, कटुवा इत्यादि यी सब उपन्यासकारले देखाउन चाहान्छन्। भुटेको मकै र मही मनेले मीठो मानेर खाएको तरुल, सुंगुरको मासु यी सबले हाम्रो संस्कृतिलाई स्मरण गराउन चाहान्छन्।

मुरली बजाएर माँगिखाने मनेको, रुखको हाँगाले किल्किएर लंगड़ो भएको। राजनैतिक कारणले गर्दा कमान बन्द भएर यहाँको जनजीवनमा धक्का परेको अनि अन्तै अथवा पहाड़े फर्किनु परेको अवस्था। आफ्नै पिता पुर्खाले रोपेको चियाबारी उखेल्नु पर्ने अवस्था जबकि मकै-कोदो चियाको बदलीमा बिराएको इत्यादि यो उपन्यासको मूल विषयवस्तु हो। जुन पहिरोले मनेको घर, आमाबाबु तथा सबै बगाएर लगेको, त्यही पहिरोहरू भएको दार्जीलिङ्गलाई छोड़न मने नमानेको। सायद यो दार्जीलिङ्गको मायाले होला भन्ने उपन्यासकारले प्रस्तुत गर्छन्।

हाम्रो शिक्षा परिषदले यो उपन्यास समावेश गरेको उचित छ। हामीले हाम्रो नलेखिएको इतिहासलाई उज्यालो पार्ने कोशिश गर्नुपर्छ। यहाँ कुनै बाहिरको इतिहास होइन आफ्नै पाखा-पखेरा, डाँड़ा-काँड़ा, खेतबारीको आफ्नै स्वजातीय छिमेकीहरूको। यहाँ फाल्तु कसैको इतिहास लेखिएको छैन, आफ्नै पिता पुर्खाहरूको।

---

## भाषा चिच्याउँछ :—

—कमल कुमार छेत्री
भूतपूर्व छात्र

मलाई तो तख्ताहरूमा,
मेरो गलामा, अनि मेरो श्वासको नशामा,
यदि मेरो मौलिक अधिकार पाउँदिन भने
लगाइयोस तो पला घड़ी जाँची
आज मेरो नैतिक अधिकारमा मात्र बाँच्न
पछे भने

दरिद्रको क्रुर पञ्जामा हाली,
मेरो हृदय नाश गरिन्छ भने
मलाई टाँगीदेउ मित्र हो
यहि फाँसीको तख्तामा
पला र घड़ीको संसारमा।

मैले यस भेगमा अनि यस कन्दरामा,
टेक्न पाउँदिन भने,
यो प्रकृतिको पेटीमा अनि
यो खोक्रे नीतिमा मात्र बाँच्न पर्छ भने?
मेरो पहाड़मा झुसुलेको मात्र हक जम्छ भने
काँड़ा माझ बाँच्न पर्छ भने,
मेरो यो उजुर समय किन? त्यसै
बरु चित्कार सहित भन्छु
अलझाइदेउ मलाई यहि डोरिले

साभार—
सुमार्ग
( भित्ते पत्रिका )

* * * *

# विद्यार्थी जीवन र अनुशासन

—रबिन गुरुङ्ग
नवौं श्रेणी ( ख )

आज यहाँ अनुशासन नहुदो हो त, यो संसार भ्रष्टाचारको भुवंरीमा परेर ज्यो पग्लन्दो ज्वालामुखी भैं पड़केर भ्रष्ट भई शून्यतामा बिलिन हुने थियो ।

तर भ्रष्ट हुन भन्दा पहिले बाटनै सबैलाई अनुशासनको डोरीले एउटै सूत्रमा बाँधेको हुनाले संसार आज सम्म चलिरहेछ अनि निरन्तर चलिरहनेछ ।

साथै युगौं-युग सम्म सुसम्पन्न गराउन आजको विद्यार्थी माथि ठूलो उत्तरदायित्व छ । उसले आफ्नो विद्यार्थी जीवनमा अनुशासन बद्ध भई आर्जन गरेका मानवीय गुणहरूको समावेश साथसाथै आफ्नो समाज-को चौतर्फी विकासको निम्ति अनुशासनमा रहेर सलंग्न हुन नितान्त आवश्यक छ ।

आजको विद्यार्थीहरूनै भोलिको देशको कर्णधार हुन । यिनीहरू माथिनै देश र समाजको उज्जवल भविष्य हेर्न, आजको यो समाज आतुर छन् । यसैले आफ्नो समाज र देशको चौतर्फी विकासलाई सफलताको चरमसीमामा पुऱ्याएर गारेपत्व भई फक्रा-उनलाई विद्यार्थीहरू अनुशासनमा बाँधिएर उक्त कार्यको निम्ति योग्य भएको हुनु पर्दछ ।

यसैले विद्यार्थीको महान जिम्मेवार हो आफूलाई अनुशासन नभएर आफ्नो जीवनमा आफूलाई र आफ्नो समाजलाई सफलताको सगरमाथामा पुऱ्याई फुलाउन । जसरी मालीले आफ्नो फूलबारीलाई सौन्दर्यले भरिभराव बनाउनको खातिर वारेदिशाबाट सुन्दर सुन्दर फूलहरूको बिरुवा एकत्रित गरेर आफ्नो फूलबारीमा ल्यो सौन्दर्य प्रेमी भँमरालाई मोहित पारी आफूतर्फ आकर्षित गराउन कति पनि त्रुटि राखेको हुँदैन ।

विद्यार्थी जीवनमा विद्या जस्तै अर्को महत्वपूर्ण आफ्नो जीवनमा विद्यामान पार्ने कुरो हो अनुशासन । विद्यार्थीको महान् कार्य हो अनुशासनमा चल्नु । तर दुःख लाग्दो कुरो आज हामी अनुशासनमा चल्न छोड़ेर कुमार्ग तिर आफ्नो पाइलाहरू बढ़ाइरहेछौं । यसले हाम्रो भविष्यमा उज्यालो होइन तर अन्धकारमा पुऱ्याई छाड़िराख्दछ । जसको जिम्मेवार यो बदलन्दो समय नभएर हामी स्वंय छौं । किनकि हामी अनुशासनमा चल्न सिकेकानै छैनौं, यहाँ सम्मकि प्रयासनै गरेका छैनौं ।

यति सम्मकि अनुशासन के हो ? यसलाई अप्नाउनाले के हुन्छ ? अनुशासन कस्तो वस्तु हो ? बुझ्ने जरुरत पनि गरेका छैनौं । यही अनुशासनमा आफ्नो जीवनका कार्यप्रणा-लीहरू अनुशासनबद्ध भएर चल्न सिक्यौं भने, यसले हामीलाई जस्तै कठिन कार्यहरू बाट पनि सफलीभूत तुल्याउन सकिनेछ ।

तर अनुशासनलाई अप्नाउन गाह्रो पर्छ । अनुशासनले विद्यार्थीबर्गलाई मात्र नभएर संसारको सबै मानिसहरूलाई सौरजगतका ग्रहहरू भैं सूर्यको वरिपरि घुमाउँछ ।

जसरी माल्छेलाई घड़ीले घोड़ालाई भै कुदाउँछ, अनि कालान्तरमा यही कुदाईले

...लाई समाधीर देशको सुयोग्य मानिस बनाउन पट्टि धकेलिरहेको हुन्छ ।

तर आजको अनुशासन नभएको विद्यार्थीले यो देशको बेड़ा थाम्न सक्ला ? आज जति पनि मानिसहरू सफलताको चरमसीमामा पुगे ती सबै आफ्नो विद्यार्थी जीवनमा अनुशासनबद्ध भई बटुलेका महान् अनुभवहरूको उपलब्धि हो ।

कुनै पनि कार्य होस जसलाई शुचारूरूपले संचालन गराउनको निम्ति प्रत्येकले आफूलाई त्यसको कार्य प्रणालीको अनुशासन के छ सो राम्ररी अध्यन गरेर त्यो अनुशासनको समुद्रमा डुबुल्की मारेर प्रसस्त अनुभव बटुलेर उक्त अनुशासानमा चले त्यो कामबाट सफलता हासिल गर्न सकिनेछ ।

यसै कारण आज माछा र पानीको माझमा जस्तो सम्बन्ध छ, त्यस्तै प्रकारले समाज र देशको भाग्य पनि यिनै अनुशानमा बाँधिएर सुनौला आशाको किरणहरू बोकी ल्याएको विद्यार्थी माथि निर्भर बनी आशा राखेको छ ।

यसैले हामीहरू अनुशासनमा बाँधिएर चल्न सिक्नु पर्छ, साथै अरूलाई पनि चल्न सिकाउन हाम्रो काम हो । नत्र भने यो समाज र देशको बेहाल हुन जान्छ, जो हामी द्वारा पनि पाउन गाह्रो पर्छ । तब भविष्यमा निराशाको सतहमा हिंड्न पर्छ जसको अन्त नै छैन । अनि प्रत्येक पाइलाहरूमा ठक्कर खाएर असफलतालाई आलिंगन गर्नपर्छ ।

---

## हामी एकै हौं

—गौतम मोक्तान
एघारौं श्रेणी (विज्ञान)

आज म पनि हिजका पाको, बुज्रुगहरूले कुँदिदिएका, हिजका बुद्धिजीविहरूले भकाएका शब्द-प्रतिशब्दहरूलाई संगालेर, अंगालेर केही लेख्न लागेको छु, केही भन्ने जमर्को कसेको छु-आदर्शता र एकताको फुल्को एकाकिपनले पोलिएको समाजलाई । विविधतामा एकताले जड़ित यो देशलाई भनिन्छ, समाजलाई भनिन्छ तर यही एकसूत्रताको कथनलाई खोदलेर हेर्दा, त्यहि "वसुधैव कुटुम्बकम्"—को महा संचारलाई नियाल्दा आकाश र पातलको व्यवधान पाइन्छ । सबैले भन्छ—हामी मानिस एउटै रगत, एउटै हाड़-मासुले निर्मि विवेकशील प्राणी । कति मिठास छ यी भनाईहरूमा, कति निकटता बुझिन्छ-यो कथाहरूमा । तर वास्तविकतामा, व्यवहारिकतामा यी कुराहरूलाई आत्मसात् गरी "अखण्डता र एकता औ प्रेम"-को महाबाणीलाई प्रगति पथमा अग्रसर गराउने बिरले छन्—'मुखमा राम-राम बगलीमा छुरा,' यसरीन मुखले "एक हौं" नारा हाँक्ने तर हृदयमा संकीर्णता र अस्प्रश्यताको विषलाई संचय गरेर हिड्ने यहाँका समाज-सेवीहरू.....।

गांधीजी, अब्राहम लिंकन, जोहन एफ० क्यानेडी आदि लाखौंमा पाएका सच्चा-

वादीहरू, आदर्शवादीहरू, योगीहरू, मानवतावादको शख घोषकहरू, जसले 'तँ सानो र म ठूलो'को अहंलाई, घायल अंहकारलाई नाश गरेर समरूपता र एकरूपता ल्याउनको निम्ति प्राणाहुति दिएका थिए। त्यही व्यवधानलाई, त्यही सेतो छाला र कालो छाला बीचको घृणित सम्पर्कलाई तोड्न नेल्सन मण्डेला वर्षौंदेखि संकुचित, घृणाले जड़ित कारागारमा संघर्षपूर्ण जीवन बिताउन पऱ्यो। यसैले आफू यिनीहरूको दाँजोमा पुग्न नसके पनि, आफ्ने समाजले यस्ते तुच्छ, जाबो औ घृणित नियमहरू वान्ता गरिदिँदा मैले पनि केहि लेख्न परेको छ, सत्यलाई बोल्न लाउन परेको छ-यस्ते एउटा कथामा.....।

रातको नीरव एवं निर्जनता बीच अभिनाश हातमा कलम लिएर के के सोचेको हुन्छ, उसको विह्वल, विवश हृदयले केही लेख्न खोजिरहेको छ। उ लेख्न बस्छ तर उसको हर सोचाईहरू, हर भावनाहरू, हर शब्दहरूमा केवल एउटै बुलन्द आवाज विस्फोट भएको आभास हुन्छ—हामी..... एकै.....हौं।

त्यस निः स्तब्ध रातको अँधेरी कोठा भित्र अभिनाश एकले खुँदे खुँदे अतीतका ती रमाईला पलहरूमा आफूलाई हराइ पठाउँछ जुन पलहरूमा उसको पनि आफ्ने सानो संसार थियो, आफ्ने दुनियाँ थियो, आफ्ने घर-आगन थियो जहाँ उ अनि उसको प्रेयसी 'सानु' सँधै खेल्ने गर्थ्यौं, सँधै रमाउने गर्थ्यौं। यस्ते फल्दो-फुल्दो अनजान यी दुइ प्राणी बीच एकदिन अचानक त्यहाँ यस्तो डर लाग्दो भुकम्प आइदिन्छ जसले त्यो सानो रमाइलो घर आँगन पुरेर नाश पारिदिन्छ। तर वास्तवमा त्यो भूकम्प भूकम्प थिएन, त्यो त यो समाजको कटुपन एवं यही समाजले जन्माएको कुनियम, कुप्रथा थियो जहाँ सानु र ठूलो, धनी र गरीबको संगम हुन अतिनै गाह्रो पर्दोरहेछ। कति घिनलाग्दो रीतिरिवाज? कस्तो अनौठो समाज? मानिस-मानिसमा यति ठूलो व्यवधान, एका अर्कामा यत्रो घृणा? कस्तो मानव हो त्यो जो मानव भएर पनि मानवताको परिचय आजसम्म दिन सकेको छैन। कति घिनलाग्दो समाज जहाँ एउटै मानिस, एउटै शरीर, एउटै बोली भएकोलाई पनि आज सानो जात र ठूलो जातको नारा लाउँदै यस्तो छिः छिः र दुर-दुर? कस्तो अस्पृश्यताको परिभाषा? निम्न-वर्ग तिरस्कार र घृणाले जोउँदा लाश हुन पर्ने। यस्ते समाज भित्र जन्मिएका यी दुइ प्राणीको मिलन पनि त्यहि भएर जान्छ जो कयौं वर्ष अघि देखि हुँदै आइरहेको हुन्छ। यसरीने यहाँ यी दुइ प्राणीको बिछोड़ भएर जान्छ। आजको यो समाजले यस प्रकार यहाँ प्रेमको हत्या गरिरहेको छ, बदनाम गरिरहेको छ। बिचरा अभिनाश अब यस भारी दुनियाँमा एकदमै उ एकले भयो। अब उसको आफ्नो भन्ने कोही छैन, उसलाई माया गर्ने, सहानुभूति देखाउने कोही-कोही छैन, उसको लागि आफ्नो भन्ने फेरि कोही हुँदैन् जो थियो त्यही पनि उ देखि बिछोड़िएर दूर—अतिनै दूर.....। बिचारा अभिनाश झन् गर्छ, चिच्याउने गर्छ तर उसको त्यो वेदना सुनिदिने कोही हुँदैन्। उ झुँदै भन्ने गर्छ—उफ! समाज म तिमीलाई कसरी भुलाउँ? कसरी भनौं कि तिमी हामी सबै एकै हौं। यहाँ कोही जातले सानु-ठूलो छैन्, धनले धनि-गरीब छैन्, हामी

सबै सम्मान छौं। यस्तै चित्कारपूर्ण रोदन बीच उसले भकाएका यी शब्द, प्रतिशब्दहरूमा कति मिठो, कति स्वच्छ भावना लुकेको छ। काशः यस्तै भावना प्रत्येक जन-जातिको हृदय भित्र उज्जि दिए.....? यस्तै भावनाहरूमा अल्झेर अभिनाश कहिले काहीं यो समाजलाई धिक्कार्न पनि बाध्य बन्छ। तर जतिनै धिक्कारे पनि के गर्नु ? यत्रो कोलाहल-बीच उ एकलो छ, यत्रो धनत्व र खवा-चबमा उ एकलै छ—त्यहि छिः छिः र दुर-दुरको कटुतापूर्ण सम्बोधनले उसलाई पुकारिरहेको छ। उसले रचेको सपना, उसले गुँथेको कल्पनालाई साकार रूप दिन कसैको प्रयास, कसैको साहानुभूति छैन—सबै व्यस्त छ आफ्नो स्वार्थपूर्तिमा, सबै मस्त छन्-आफ्नै संसारमा।

बिश्व उन्नतिको परमचुलिमा पुगिसके तर यो समाज त्यहि गुलचे खेलाईमा, त्यही 'त' र 'म' को संकीर्ण भनाईमा अल्झिरहेको छ। त्यही पुरातन-सनातन चोटहरू बल्झाइरहेको छ। आज अभिनाश यस्तो चपेटमा, यस्तो द्वेषपूर्ण अग्निमा जलिरहेको छ—एउटै कल्पना, एउटै बोलीमा—"हामी एकै हौं।" त्यही रातको निःस्तब्धतामा उसले सुधारमुलक कामहरू, मान्छे भएर पनि जन्तु हुन खोज्ने बुद्धि जीबिहरूलाई 'मान्छे' बनाउने योजनाहरू कोर्छन्। तर उसको सपना साकार होला के ? उ भय-भीत हुन्छ। तरै पनि उ एउटै आशामा बाँच्ने कोशिश गर्छ—'सत्यमेव जयते।' उसले जस्तै कुठाराघात सहेर पनि, लाञ्छना-हरूलाई प्रेमले पचाएर पनि तो दुर्भावना, तो दुर्दशा, तो लड्डो समाजलाई सजग, सशक्त तथा स्वस्थ बनाउने कसम खान्छ—त्यस रातमा उसित कुनै जन नभएपनि आफ्नै आत्मालाई साक्षी राखेर।

यसरी नै यहाँ कति कुटिएका जीन्दगी-हरू, कति भत्किएका सपनाहरू फेरि साकार हुने आशामा त्यो रात बितिसकेको हुन्छ। यतिबेला परबाट बज्दै गरेको रेडियोको मधुर आवाजले त्यस मिर-मिरे बिहानीको शुन्यतालाई चिर्दै-चिर्दै आउँछ—अमीर के ? गरीब के ? के सानो ? के ठूलो ? हामी.....एकै .....हौं ! हामी.....एकै ..... हौं ? हामी.....एकै.....हौं.....।

---

## अभागी

—प्रेम कुमार खतिवाड़ा
विज्ञान विभाग

### पहिलो दृश्य,

स्थान—बस्नेत बाबुको खेत,
समय—१० बजे तिर !

खेतमा काम गर्ने खेतालाहरू काम गरिरहेका हुन्छन्। [त्यही खेतमा प्रायः बाह्र वर्षको उषा हेर्दामा कसैको नोकर्नी झैं उसका शरीरमा लगाएका वस्त्रहरूले बुझाउँछ, उषा घाँस काटिरहेको छ, आफ्नो धुनमा। पानी परेर भिजेको उषालाई वास्ता छैन। उसको निठुरी सानी-आमाको नजरमा उषाको मनमा जति दुःख भएता पनि उ बाहिर अनुहारमा

सुखका लहरहरू देखाउने प्रयास गर्थी तर पनि कता-कता उसको मुहारमा हाँसको रेखा देखिन्थ्यो ! यसैले गर्दा उसले आफैलाई अभागी ठान्छे । ]

सानी आमा—( चुरमुरिन्दै ) ए कुकुनी ( डोकाबाट घाँस हेर्दै ) यत्रो बेर घाँस काटेकी यति नै हो, शुक्र तँ अभागी शाढ़ ।

उषा ( पुलुक आमाको अनुहारतिर हेर्दै )—के गर्नु आमा दिन भरी पानी परिरहेको छ, कसरी घाँस काट्नु !

आमा—मुख लाग्छेस् त बोक्सी तेरा भन्दै दुइ थप्पड़ कसी हालि ।

खेलालाहरू—हन यो आईमाईले त यो छोरीलाई कति हेपेको जेठीपट्टिको छोरी भन्दैमा माया त लाग्नु पर्ने ।

[ उषा हतार-हतार भिजेको घाँस डोकोमा हाली र गाईको गोठतिर लाग्छ माथिबाट सुमधुर ध्वनी घरी-घरी उषा-उषा भन्दै नजिक मै आइपुग्छन् ]

सुनिता -ए उषा त आज स्कूल जाँदिनस् आजदेखि गुरुबाले बेलुका दुइबजीदेखि आउनु भनेको छ ।

यो माथिबाट कराउने को हो हँ ? ( आमाको प्रवेश )

सुनिता—( थरर काप्दै ) म हुँ काकी !

काकी—यहाँबाट किन कराएकी हँ ? तँ पनि आजकल त निके कि हुँदछस्, अनि तँ कहाँ गएकी हँ ?

सुनिता—घर गएकी ।

काकी—अहिले तेरो घर यहाँ भइरहेको छ हगि तँ आफ्नो बाटो घर जा, भोलि पनि यो उषे शाढ़लाई उल्काउनु आइस भने कचियाको झटारो हान्ने छु बुझिस् ?

सुनिता—( रीसले रातो हुँदै भन्छे ) काकी उषालाई स्कूल पठाइदिनु होस् न भोलिदेखि ! अस्ति काकाले पनि भन्नु भएको छ स्कूल राम्रो पढ़नू भनेर !

काकी—नकचरी बाठी हुन्छेस् तैंले मलाई सिकाउनुपर्छ ? तँ कहाँकी बाबुनी आइस चुपचाप लागेर घर जा । यस बाटुलीलाई काम अराउँने मेरो काम हो ।

[ सुनिता लुरु-लुरु घर जान्छे ।

उषा चाँहि आफुलाई अभागी सम्झदै सुक-सुक रुँदै घँर पुग्छे ।

भोलिपल्ट बिहान उषा एक डोको जुठा भाड़ा कुँढ़ा बोकेर धारामा पुग्छे ]

[ सुनिताको प्रवेश ]

सुनिता—ए उषा त स्कूल जादिनस ?

उषा—टाउकोमा भए पो स्कूल जानु पाइन्थ्यो म अभागीको टाउके छैन ।

यस्ता कुराको छलफल हुँदा हुँदै..... ।

[ सानी आमाको प्रवेश हुन्छ । ]

---

# यो मेरो देश, मेरो आफ्नै स्वदेश

—बिजय कुमार राई
आठौं [श्रेणी (ग)

कति सुन्दर छ, मेरो देश
अति विशाल छ भारत देश,
ईश्वरले जन्म लिएको देश
यो मेरो देश, मेरो आफ्नै स्वदेश ॥

× × × ×

कतिको मधुर र मुलायम छ
विशाल र विविध छ,
सुरम्य र सुभियुक्त छ
यो मेरो देश, मेरो आफ्नै स्वदेश ॥

× × × ×

रंग बिरंगले सजिएको मेरो देश
चाँप र गुराँसका फूलहरूले,
डाँडा काँडाको हरियालीमा
पहाड़का निला फुल्ला वर्णहरूमा सजिएको मेरो देश ॥

× × × ×

हाम्रो इतिहासका पाताहरू रक्त-रंजित छन्,
यहाँ राजनैतिक, सामाजिक र अर्थनैतिक छन्,
धर्म संस्कृति र सभ्यताको चरोमोत्कर्ष पाइन्छ
यो मेरो देश मेरो आफ्नै स्वदेश ॥

× × × ×

यही देशको माटोमा हुर्केर
यही देशको सेवन गरेर,
यही उर्वर भूमिमा, मेरो देशको गौरव बाचिंरहेकोछ
यो मेरो देश, मेरो आफ्नै स्वदेश ॥

× × × ×

स्वतन्त्रताको कलिलो बिरुवा
अझ छिपिन्दै गइरहेको छ,
तिनीहरूकै आदर्श र उत्प्रेरणाले
देशमा जताततै विकाशका मूल फुटिरहेछन् ॥

---

# प्रेम, कर्तव्य र बदला

—भोम
बाह्रौं श्रेणी कृषि विज्ञान

ड्ड.....।

रातको कालोपनलाई चिर्दै एउटा कम्पमय आवाज आयो—केही पड्केको ।

× × ×

ड्ड.....।

फेरि पनि अठाह्र वर्ष पछि त्यहि स्थानमा रातको त्यहि समयमा—रातको कालोपनलाई चिर्दै एउटा कम्पमय आवाज आयो—केही पड्केको ।

भोलिपल्ट त्यस भेकको कोर्टमा एउटा नवयुवक, सुन्दर जवान युवकलाई पाता कसेर ल्याथो । वकील समक्ष खड़ा गरियो उसको जीवन पछि लेखेर वसेको त्यस हत्याको मुख्य कारण याने उसको जीवन कहानी यस्तो थियो—

एउटा सुन्दर बस्तीको जग्गा सबै आ-आफ्नै ध्याउन्नमा व्यस्त छन् । यस्तै एउटा बस्तीको घरमा पाँच जानाको परिवार छ । दुइ भाइ अनि आमा—बाबु अनि एक बहिनी । समय बित्दै जाँदा त्यस घरको जेठा दाइ जो एकदमै मुर्ख स्वभावको थियो—उसको विवाह भयो उसको नाम फुर्वा । जुन दिन देखि फुर्वाको विवाह भएको थियो त्यस दिन देखि उसको भाइ देवप्रकाश माथि दाज्यु भाउज्यूको अत्याचार हुनथाल्यो जब देवले आफ्नो स्कुले जीवन सके तब उसले पनि विवाह गर्‍यो उसकै सहपाठीलाई । समय बित्दै थियो देवप्रकाश-को जसो तसो गरेर पनि । दुइ वर्ष पछि उसको जयजन्म पनि भयो छोरो जन्म्यो । नाम सुदन राखियो । एक दिनको कुरो भाइको जीवनमा भएको प्रगति देखेर उसको दाइ फूर्वाको आखाँ जल्न थाल्यो यसर्थ एकरात, रातको समय पारेर फूर्वाले निन्द्रैमा आफ्नो भाइलाई गोली ठोकिदियो । देवप्रकाश एकछिन छटपटाई निन्द्रामै सदाको निम्ति सुत्यो । उसको पत्नी चाँहि काक्षको नानी लिएर माता—रात त्यहाँबाट भाग्न सफल भयो । अनि अर्कै गाँउमा उसले आफ्नो नानीःपतिको एउटै चिन्हो सुदनलाई हेर्दाहि गर्दै जीवन व्यतित गर्न थालिन ।

अब त सुदन पनि दिनदिनै ठूलो हुँदै जाँदैछ । उ कक्षा ६ मा पढ़दैछ । उसको आमाले पनि दिनहु उसलाई बाबुको पुर्व कथा सुनाउथ्यो कारण पछि गएर उ आफ्नो जीवनकथा देखि अन्जान बस्न नपरोस । दिनदिनै सुदनको जीवन पनि युवा-वस्थामा लम्कन थाल्यो त्यसरीनै उसको जीवनमा आफ्नो पिताको हृदयविदारक कथा सुनेर बदलाको भावना बढ़न थाल्यो उसले दिनदिनै हृदय भित्र निश्चय गर्न थाल्यो की म अवश्यै मेरो पिताको र माताको कर्तव्य र बचन पालन पुरा गरी छाड़्छु ।

जब उ कक्षा दशौंमा पढ़दैथ्यो तब त्यस समय उसको प्रणय सम्बन्ध एउटी रीता भन्ने युवतीसंग हुन पुग्यो । उत्तरोत्तर उसंगको प्रेमको अंकुर बढ़न थाल्यो । एकदिन रीताले उसलाई आफ्नो घर दार्जीलिङ्ग जाने प्रस्ताव राखी उ पनि तयार भयो जानलाई । अनि त्यहि दिन घरमा आएर त्यहाँ जाने अनुमति माँग्दै हुनेवाला बुहारीको विषय वृतान्त बतायो । अन्तमा रीताको घरको

ग्रुप फोटो पनि देखाइदियो 'धनपत' रीताको पिताको नाम पनि बताइदियो । ..... अचानक उसको आमा मुर्छित हुन पुग्यो । पानी छर्केर होशमा ल्याएर प्रश्न गर्दा रहस्य बसरी खुल्यो आमाके मुखबाट—'सुदन —हे छोरा आज म के देख्दैछु, सुन्दैछु—त्यहि हो तेरो परम शत्रु तेरो भविष्य उजाड पार्नेवाला जसले तेरो पिताको हत्या.....!' त्यस पश्चात तत्काले सदाको निम्ति आँखा चिमल्यो उसको आमाले हातमा फोटो कचाक-कुचुक भइसकेको थियो । एक महीना पछि आमाको काज किरीया सकेर उ मग्न हृदयले एकपट्टि प्रेमको एकपट्टि बदला, कर्तव्यको स्पर्धालाई हृदयमा राखेर हिड्यो उस शत्रुको घरको खोजमा दार्जीलिङ्ग अन्तमा सोध-पुछ गर्दा घर चिज सफल भयो उ। रात निके गहिरिसकेको थियो पस्यो उ छप्परबाट खुबै होशियारसंग भित्र पुगेर उसले आफ्नो शत्रुलाई निदाइरहेको अवस्थामा चिज्ञ भूल गरेन कारण उसले पहिलेनै फोटोमा ठिम्याई सकेको थियो। पिस्टोल उठायो अनि मनमनै बोल्यो 'रीता-रीता, भोलिको दिनमा तिमीले आफ्नो पिताको लाश देख्ने छौ म बाध्य छु । हुन त रीता.....तर म मेरो पिता माताको कसमको कर्तव्य,वचन पालन गर्न तत्पर छु मैले ..... ।

ढुङ्ग .....!

भोलिपल्ट । .....अदालतमा..... । उसको कहानी यस्तै थियो जब यो कथा वकीलले सुन्यो उनलाई आजीवन कारावासकी दण्ड दियो ।

---

# यो जीन्दगी ! त्रिकोणबाट

—नवीन पौड्याल
एघारौं श्रेणी कक्षा

( १ )

समुन्द्रको अथाह सतहमा
पौडन्दै जाँदा,
संघर्ष गर्दै जाँदा
यो हात पाउ थाकेर
जीर्ण-शीर्ण हुन्छ ।
यो अपार समुन्द्रको
दूरत्व नाप्न सकिन्दैन
हाम्रो साधारण दृष्टिले
हाम्रो नांगो चक्षुले
अब यहाँ डुब्न सक्छ ।
जले जल भएको परिवेशमा
यो सास निस्सासिन्दै जान्छ,
तन तड़पिंदै जान्छ
शिथिल भएको अनुभव
हुन्छ — जब
कुनै तकानको छैन भने
कुनै अभ्यास छैन भने ।

( २ )

त्यो हिमाल
हेर्दा कति सुन्दर छ,
कति स्वच्छ छ,
कति निर्मल छ,
कति मनोहरी छ
तर उसको
वास्तविक स्थिति नियाल्दा

हिउँको वर्षा,
मौसमी हावासित ठोक्कर
मनुष्यको आरोहण, नग्नता
शिथिलता, उजाडपन, क्लोपन
सुन्दरतासित साटिएको छ ।

( ३ )

यी खाकी पहिरान भएका,
अवानीले मस्त परेका,
डाल्डाले हुप्प फुलिएका
लाङ्गुरेहरू —

बाहिरिक दृष्टिले नियाल्दा
मौज-मज्जामा परेर
मस्ता-हात्ती झैं
स्वतन्त्र जस्ते देखिन्छ,
तर :—
'भो मार्चको आवाजमा
गह्रौं फलामे बन्दुक बोकी,
टाउको जोगाएर
गोलीको पर्रा छोड्ने
जीवन कस्तो लाग्छ ?

## २७५ औं भानु जयन्ती समारोह सम्पन्न

शुभ प्रधान
( संयोजक )

केही वर्षदेखि कतिपय कारणवश स्थगित रहेतापनि यसवर्ष १७५ औं भानु जयन्ती समारोह पाठशालाको प्राङ्गणमा विभिन्न रोचक कार्यक्रमसहित प्रधानाध्यापक श्री नभरत्न प्रधानको समाध्यक्षतामा हर्षोल्लाससहित सम्पन्न भयो ।

श्री सहीद अहमदको प्रारम्भिक वक्तव्य सभाध्यक्ष साथं शिक्षकवर्ग सर्वश्री एल० के० थापा, के० आर० थापा, के० सी० चौधरी, भानु बराल, जेम्स कार्थक र ए० बी० छेत्री द्वारा कविको तस्वीरमा माल्यार्पण पछि साहित्यिक कार्यक्रमको हुरो चल्यो । छात्रहरू-द्वारा कविता पाठ, भानुभक्तको जीवनीमा आधारित लेखादिको पठन र उनका कृति-हरूको लेखाजोखाले भरेको कार्यक्रमा, प्राथमिक, माध्यमिक र उच्च माध्यमिकका छात्र दर्शकहरूको खचाखच भीड़भाड़ले सुनमा सुगन्ध थपेर रह्यो । श्री के० मोलमुले छाँया-कंनको अभिभारा निभाइदिनु हुदाँ कार्यक्रमा अझै रौनक छायो ।

यसरी भाषा साहित्य शिक्षाका स्रष्टाहरूको योगदानको लेखाजोखा बारे नयाँ पिढ़ीलाई अवगत गराउने र यस्ता परम्पराहरूलाई पहिल्याउन सिकाउन पर्ने आवश्यकतालाई उपस्थित सबै शिक्षकवर्ग र उच्च श्रेणीका छात्रहरूले अनुभव गरे । हाम्रो परम्परा र साहित्यिक प्रतिभाहरूलाई श्रद्धाञ्जलि दिने पक्षमा यस कार्यक्रम धेर नभए पनि निकै सफल रहेको बुजुर्ग शिक्षकवर्गको मन्तव्य थियो ।

औपचारिक रूपमा धन्यवाद ज्ञापन पछि भविष्यमा अन्य त्यौहारहरू पनि यसरी नै अझ वृहतरूपमा मनाउने संकल्पसित कार्यक्रम टुंगियो ।

# २७५-औं जन्म जयन्तीको शुभउपलक्ष्यमा
# स्व० कवि भानुभक्तप्रति

—कर्ण बहादुर साम्पाङ्ग
बाह्रौं श्रेणी
'कृषि-विभाग'

उदायौ भानु, भानु बनी,
अन्धकार नेपाली साहित्य-जगमा ।
छरयौ प्रकाश साहित्यरूपी,
नेपाली जनको नशा-नशामा ॥

पथप्रदर्शक बनी, भानु तिमीले,
हिंड़ायौ सरल साहित्य-गोरेटोमा ।
पिलायौ पियूष, स्वर्ण भाषाको,
सरलता, मधुरता कवितामा ॥

छरयौ तिमीले परिकल्पना पराग,
साहित्य-वसन्त बागमा ।
पारयौ तिमीले परिपुष्ट भाषा,
साहित्य-वसुन्धरामा ॥

सुन्दर, सरल र नवीन शैलीमा,
गरयौ परित्राण भाषाको ।
गरयौ परिपोषण, मधुर भावमा,
थियो प्राणाधार साहित्यको ॥

थियो अभिप्रेत, अभिरुचि, शैशवदेखि
पायौ प्रेरणा, कविता कोर्न, दरिद्र ती
घाँसीदेखि ।
रसायौ जन-मानसलाई, रुचिर रचनादेखि,
छोयौ नेपाली-मुटु, अन्तरात्मादेखि ॥

दियौ परोपदेश काव्य रामायणको,
चौदिशा प्रसुप्त जनतालाई ।
दियौ भक्तिरस, नवरस, भगवान रामको,
अंगाली आनन्दले लोकभावनालाई ॥

थियौ 'आदि प्रतिनिधि कवि',
गरयौ साहित्य-प्रति-रक्षा ।
साहित्य प्रेरक, पृष्ठभूमिमा,
थियौ प्रोज्ज्वल प्रवक्ता ॥

बगे नयनजल, नेपाली सारा जनतामा,
जब अस्तायौ भानु तिमी ।
रह्यो अन्तर्ध्वनि, अधिराज्यमा प्रवासमा,
रह्यो अविस्मरणीय स्मृति पनि ॥

सर्वमान्य हे साहित्य-धरतीका तारा,
मुटुका वेगिन्ती भावना तिमीलाई ।
श्रद्धास्पद, श्रेष्ठ युगका निर्माता,
सदैव स्वच्छ संकीर्तन तिमीलाई ॥

धन्य कवि ! अमर छौ तिमी,
नेपाली स्वर्णीम इतिहासमा,
प्रत्येक मुटुका पाताहरूमा,
हरेक हृदयका फूलहरूमा ॥

# नयाँ पहाड़े उखानहरू

—रबिन प्रधान
बाह्रौं श्रेणी 'क'

चम्चे भनेको धनेउँला हो ।
जसलाई जो साह्रै मन पर्छ, टाढ़ेबाट आइ लभ यू, भने हुन्छ ।
ओह्रालो लागेको धोबीलाई — साबुनको डल्लाले पनि सेट्छ
जाम्रु न ताम्रु जोसुकैलाई 'लभलेटर' लेख्नु ।
हल्ला नरूचाउने मान्छेलाई गल्ला प्यारो हुन्छ ।
सिटिङ्ग रुममा 'कलर टी० भी० नहुनु' इज्जत जानु हो ।
टोपीको सोख हुने मान्छेले हेल्मेट लगाउँछ ।
भिडियो मा हेर्ने स्वास्नीलाई टी० भी० किनिदिए सञ्जो हुन्छ
घरभित्र भाल्टाङ्ग भुल्टुङ्ग छोड़ेर बाहिर ग्यास डुलाउँछ ।
माइती र जिप्सी कुदाउनु वा किन्नु कालो धनको तुजुक गर्नु हो
मत्थु बाबुको भतुवा छोरा हुन्छ ।
जुन गाड़ीलाई दसचोटी हेण्डल लाउनुपर्छ त्यसैको नाम डी० सी० एम० ।
बाटो भत्काउँछ भल पैह्रोले, दोष पाउँछ भूँइचालीले ।
बोतल प्यारो मत्थुलाई पहिला तारिख प्यारो श्रीमतीलाई ।
नजिकको प्रेमिका, टाढ़ाको पोइ ।
जुन गाड़ी दिनभर हुङ्गा बोक्नुले फुर्सद पाउँदैन
त्यसैको नाम 'सुजुकी' ।
प्रेमको बहना, पैसाको नाश ।
मरेको मान्छे त्याएको छैन हुकनू चाहिँ अघि अघि ।
हिजोको राक्षस आजको देवता ।
जुन गोरुको सिङ्ग छैन उसैको नाम बाह्रसिंगे ।
खेल्नु जान्दैन बेटलाई दोष ।
रातभरि माल्यो दिनभरी सुत्यो ।
इंगलिस छाड़ने ठिटीलाई नेपालीसित घीन लाग्छ ।
जुँगा नहुनु केटी बन्नु हो ।
भुड़े मान्छेलाई मासु मात्र प्यारो लाग्छ ।
ज्ञानी मान्छेको चोर्ने कुरा ।
वर्षभरि डुल्यो इक्ज्याममा चोऱ्यो ।

## श्रीमती इंदिरा गांधी औ छः (६) को संयोग—

—सुदर्शन गौतम
बाह्रौं श्रेणी (कृषि)

श्रीमती इंदिरा गांधीको जीवनमा छः संख्याको असाधारण महत्व छ ।

रोमन लिपिमा उहाँको नाम 'Indira' उपनाम 'Gandhi', पतिको नाम 'Pheroz', छोराहरुका नाम 'Rajeev' र 'Sanjay' अनि बुहारीहरुका नाम 'Soniya' र 'Menaka' । यी सबै नामहरुमा छः छः अक्षरहरु छन् ।

श्रीमती इंदिरा गांधी छः वटा भाषा बोल्नु हुन्थ्यो — अंग्रेजी, हिन्दी, बंगला, गुजराती, फ्रेंच र जर्मनी । उहाँ पहिलो पल्ट १९६६ मा प्रधान मंत्री हुनु भएको थियो ।

श्रीमती इंदिरा गांधी — १९५९ (१+९+५+९=२४ यानि २+४=६) मा कंग्रेसको अध्यक्ष हुनु भएको थियो । त्यस समय उहाँको आयु ४२ (४+२=६) वर्ष थियो ।

आफ्नो राजनैतिक जीवनमा उहाँ केवल १९७७ (१+९+७+७=२४ अर्थात २+४=६) मा चुनाव हार्नु भएको थियो । जुन समय उहाँले चुनाव हार्नु भयो त्यस समय उहाँको आयु ६० वर्ष ६ महीना (६०+६=६६) थियो ।

श्रीमती गांधी १९८० सालमा फेरि आफ्नो शासनमा फर्कनु भयो । १९८० मा उहाँको पार्टीले ५२८ (५+२+८=१५ अर्थात १+५=६) सीटहरुमा चुनाव लड़ेको थियो त्यस समय उहाँलाई ६६ र ६६ प्रतिशत बहुमत लोक सभामा प्राप्त भएको थियो ।

छोरा संजय गांधी वर्षको छैठौं (६) महीना (जुन) मा विमान दुर्घटनामा मरेका थिए ।

श्रीमती इंदिरा गांधीको हत्याको समयमा उहाँको आयु ६६ वर्ष थियो । जुन पंजाबले उहाँलाई सबै भन्दा ठूलो चुनौती दिएको थियो, त्यसको नाम पनि रोमन—लिपिमा 'Punjab', ६ः अक्षरको छ ।

---

# प्रभात

—तपन शर्मा
एघारौं श्रेणी 'विज्ञान'

'एक'

नव जीवनको सन्देश बोकेर
उत्साहको किरण बोकेर
यौवनताको जोश लिएर
किशोरपनको खुसीयाली बोकेर
आउँछ प्रभात सँधै-सँधै,
मेरो परिवेशमा ।
'लौ उठ अब जाग' भनेर
झ्याल-ढोकाको चेप-चेपबाट चियाउँछ 'उ'
सपनाको दूसुर प्रदेशबाट,

वास्तविकतामा मलाई ल्याइदिन्छ,
आफ्नो आँखाको इशारालै,
मेरो कामहरू देखाइ दिन्छ ।

'दुई'

कहिले उमंगको संसार लिएर
कहिले हर्षको समचार लिएर
कहिले दुःखको उपहार लिएर
कहिले विद्रोहको कोसेली बोकेर
मलाई च्युँझाउन आइपुग्छ ।
अधरभरि एउटा मुस्कान छरेर
प्रवेश गर्छ प्रभात कोठामा मेरो सँघै-सँघै
छर्दछ आफनो प्रकाश भित्ता र भुई भरि
मेरो परिवेशदो सीमाभित्र ।

'तीन'

कहिले गंभीरताको आभासलिएर
कहिले मधुवनको सुगन्धित उच्छवास लिएर
मलाई उठाउन आउँछ प्रभात ।
कहिले मुहारभरि कुटिल मुस्कान बोकेर
व्यङ्ग र उपहासको कहिले
कोसेली बोकेर
मलाई पहिराउन आउँछ प्रभात
मलाई गिज्याउँन आउँछ प्रभात
मलाई निन्द्रादेखीको न्यानो गोदबाट
विमुख पार्ने आइदिन्छ प्रभात
सदैव मेरो परिवेशभित्र ॥

---

## मनोएक्ट !

—परशु सुब्बा
( भूतपूर्व छात्र )

[ पहिलो ]

मान्छे — हा.....हा.....हा.....हा.....।
म पागल अरे ! दुनिया भन्छन् मलाई पागल म एउटा मगज बिग्रेको मान्छे अरे ।

तर.....ए संसारका आफू मात्र साँठ, आफू मात्र लाँठ भन्ने सभ्य र स्वार्थी मानिसहरू हो। मलाई एक पल्ट राम्ररी बुझ्ने चेष्टा गर। संसारमा मेरो सबै भन्दा प्यारो वस्तु, मेरो एउटे भएको छोरो सिकिस्त बिरामी छ, भन्छन् मानिसहरू मलाई 'पुस्किल".....छ.....बाबै....."मुस्किल".....।

अन्त.....अब मेरो छोरो मर्छ त.....? होइन भगवान मेरो छोरो बचाई दिनुहोस्, यहाँ संसारको लाबर भिर्ने भगवान संग म प्रार्थना गर्न सकदिन किन कि म एउटा गरीब मान्छे हुँ । तर उनीहरू पनि म जस्तै मान्छेहरू हो, एक पल्ट गएर अनुरोध गर्नेछु.....[ जान्छ ]

[ दोस्रो ]

मान्छे — नमस्ते डाक्टर बाबु ।
डाक्टर — नमोस्कार.....नमोस्कार.....कता हिड्यौ । हजुर बचाइ दिनहोस् बिन्ती...छ ।
डाक्टर — हा.....हा.....हा.....हा.....।

तिम्रो छेले बिरामी छ। तो मोइले के गरू.....। नोट छ तो.....नोट.....। नोट.....भएतो किछु गर्न सक्थ्यो ।

मान्छे — डाक्टर बाबु.....। कति चाहिएला.....।

डाक्टर — एक पल्ट देखेको फिश तो चालिस रुपियाँ [ ४०/रु० ].....?

मान्छे — म गरीलेसंग त्यत्रो रुपियाँ कहाँ हुन्थ्यो र । २/४ दिन पछि म ऋण पान गरेर भए पनि दिनेछु .....तर छोरो बचाईदिनु होस् न पहिला.....।

डाक्टर — हा..... हा.....हा.....हा.....।

तिम्रो मगज केही खराबी भएको छ । तिमी जान सक्छो.....।

मान्छे — डाक्टर.....बाबु । म पागल होइन, मेरो मगज बिग्रेको छैन.....। म बौलाह होइन, मलाई मेरो छोरा बचाई दिने भगवान यहाँ चाहिएको छ ।

डाक्टर — शट .....अप.....। यहाँबाटो चाड़ो निस्को.....।

मान्छे — हा.....हा.....हा.....म पागल रे डाक्टरले भनेको, म बौलाह रे ।

हा.....हा.....हा.....हा.....।

( घर जान्छ, घर पुग्छ, तर छोरा मरिसकेको पाउँछ )

[ तेस्रो ]

मान्छे — छोरा.....छोरा.. ...अरे मलाई छाड़ेर गयौ ? म तिमीलाई बचाउने उपाय त खोज्दै थिएँ । दुनियाँले मलाई पागल भन्दा शायद तिमीले पनि मलाई पागल नै ठान्यौ.....। एकपल्ट भन.....न.....छोरा.....। उठ.....न..... उठ.....। अब .....शान्तको दुनियाँमा पुगेछौ.....। तर..... मलाई पनि लगेर गएको भए दुनियाँको छेउमा उपहासको पात्र भएर बस्न पर्ने थिएन छोरा.....। भन.....न.....छोरा.....उठ.....न..... उठ.....।

[ अन्तिम ]

मान्छे — डाक्टर.....( चिच्याउदै )। मैले मेरो छोरो बचाउन सकिन.....। मैले..... मेरो.....छोरा..... बचाउन.....सकिन.....। सरकारका छापा लागेका कागजका टुक्राहरूको लोभमा परेर तैले एउटा जीउदो मान्छेलाई खेलाँची गरिस्.....।

सरकारका छापा परेका कागजका टुक्राहरू ( पैसा ) दिन नसक्दा तैले मलाई पागल भनिस्.....। घृणा गरिस्.....गाली.....गरेर.....तेरो कोठा-बाट खेदीस.....।

त.....जस्ता थुप्रै थुप्रै पैसाबालाहरूलाई मात्र यो संसार सुहाउँछ, हामी जस्तो गरीबलाई होइन । ठिक.....छ.....तँ जस्ताधनवानहरू आपना स्वार्थ सिद्ध गर्दै यहाँ बस.....।

हा.....हा.....हा.....हा.....।

( पर्दा खस्छ ) ।

# केही संस्मरण

—श्री बो० के० सुब्बा

स्व० पारसमणि प्रधानको संसर्ग एस० यू० एम० आई० सित अत्यन्त प्रगाढ़ अनि थियो आत्मीय। यही पाठशालामासेवा गरी—नेपाली भाषाको व्याकरणको प्रारूप तयार पार्नु भएको हो भनी स्वयंले भन्नु हुन्थ्यो। उहाँले के० डी० प्रधान पुस्तकालयको उद्घाटनको समय स्वलिखित तथा अन्य पुस्तकादिहरू पाठशालालाई प्रदान गर्नु भएको काम अविस्मरणीय छ। उहाँले भाषा साहित्य तर्फ प्रशस्त सेवा गर्नु भएको औ त्यसको मान्यता स्वरूप पाउनु भएको मान पदवीहरू दसी हुन्।

उहाँको जीवनकालमा मैले पनि उहाँको संपर्कमा आउने मौका पाएँ औ कतिपय ज्ञानवर्द्धक कुराहरू फलतः पाएँ, सिकें। उहाँको व्यक्तित्व र विचारले घेरैलाई प्रभावित पार्न सकेको थियो।

यी केही संस्मरणहरू उहाँको पुण्य स्मृतिमा श्रद्धाको पुष्पाञ्जली स्वरूप चढ़ाउन चाहन्छु।

(क)

सत्तर दशकको अन्त तिरको कुरो हो जब नेपाली भाषालाई संविधानको अष्टम अनुसूचिमा अन्तर्भुक्त गराउन चौदिशा जोड़तोड़को अभियान चलिरहेको थियो। सभा गोष्ठी, जुलुस, सामुहिक विन्तीपत्र पठाउने दौर चलिरहेको थियो।

दिल्लीको साहित्य अकादमीले नेपाली भाषालाई भारतको एक साहित्यिक भाषा हो भनी मान्यता प्रदान गरेकोले, यो अन्तर्भुक्त गराउने मांगको आन्दोलन द्विगुणित बढ़न गएको थियो।

यही बेला साहित्य अकादमीले नेपाल भाषाको कवि लेखकहरूको परिचय अंग्रेजीमा Makers of Nepali Literature पुस्तकमालाको रूपमा छपाई सर्व भारतीय स्तर मा प्रचार प्रसार गर्ने कुरा उठ्यो। यसको लेख्ने अभिभारा सम्पूर्ण रूपमा श्री पारसमणि प्रधानको जिम्मामा छ भनी सुन्यौ तर निकै दिन व्यतित् भइसक्दा पनि पुस्तक साहित्य अकादमीले प्रकाशित् गरेको थाहा पाइएन। किन, भन्ने प्रश्न उठ्नु स्वाभाविक मात्र नभएर अपरिहार्य पनि थियो।

एक दिनको कुरा हो कालिम्पोङ्गको पुरानो टाउनहलमा भाषा मान्यताको विषय लिएर तत्कालिन् नेपाली भाषा समितिले एउटा सभा डाकेको थियो—स्थानीय तथा दार्जीलिङ लगायत घेरै भाषा प्रेमीहरूको उपस्थिति थियो। उक्त दिन त्यही टाउनहलको मुख्य द्वारको अघि एकजना मानिएका भाषा विद्वान, समालोचकको मुखबाट सुनें कि श्री पारसमणि प्रधानको अंग्रेजी भाषाको स्तर निम्न भएकोले साहित्य अकादमी सो पुस्तकहरू नछापेको रे।

मेरो चित्त बुझेन र त्यसको केही दिन पछि मैले श्री पारसमणि प्रधानलाई कालिम्पोङ बजारको डढ़वा डाँड़ाको अघि भेटेर प्रश्न राखें के अंग्रेजी भाषाको स्तर निम्न भएकोले तपाईंले तर्जुमा गर्नु भएको परिचयात्मक लेखहरू साहित्य अकादमीले नछापेको? मेरो प्रश्न अप्रत्याशित् थियो। उहाँले मलाई आपनो वासस्थानमा लगी सम्पूर्ण कारणहरू बताउनु भयो किन कसरी उहाँले लेख्नु भएको सो पुस्तकहरू साहित्य अकादमीले प्रकाशित् गर्न अनिच्छा व्यक्त गरेको। कसले यो झुटा प्रचार गऱ्यो भनी मलाई बारंबार प्रश्न गर्नु भयो? मामला बढ़ेर जाला भनी म चुप रहें।

The School Band
on the 15th Aug. 1989

The March Past
—another Section of the
School Cub-pack.

Lepcha Traditional dance

What must be the answer to this Question ? Quiz competition on the move

Mr. L. K. Thapa, giving away the Prizes to the winners Quiz competition

The winners-Quiz Competition ( H. S. sections)

साहित्य अकादमीले मूलतः भारतमैं जन्मेका साहित्यिकहरूको परिचय चाहन्थे जब कि उहाँले तयार पार्नु भएको सहित्यिकहरू जस्तै लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल, बालकृष्ण सम आदि सबै नेपालका थिए ।

यो घटनाको ठीक महिना दिन पछि उहाँबाट मैले एउटा 'प्याकेट' पाएँ । खोलेर हेर्दा त्यहाँ अंग्रेजीमा लेखिएको महाकवि लक्ष्मी प्रसाद देवकोटा सम्बन्धि पुस्तक थियो अनि टाइप गरी स्वहस्ताक्षर गरिएको पत्र थियो । यी दुवै आज मूल्यवान् स्मृति चिन्हको रूपमा मेरो निम्ति छन्—अतः सुरक्षित् राखेको छु ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाको परिचयात्मक सो पुस्तक ठीक साहित्य अकादमीले छाप्ने गरेको आकार र पृष्ठ संख्या को छ । यसको परिशिष्ट 'सी' मा साहित्य अकादमीले सो पुस्तकमालालाई छाप्नु असमर्थता व्यक्त गरेको छ, पत्र पनि संलग्न छ ।

मलाई लेख्नु भएको पत्र यस्तो छ—

Paras Mani Pradhan, D.Litt.(h.c.)
WINNER OF TRIBHUVAN & MADAN AWARDS
NEPALI ACADEMY, NORTH BENGAL UNIVERSITY
SAHITYA AKADEMI, NEW DELHI

Phone { 414 KPG
2120 DJ
22-363 SLG

BHAGYAMANI BHAWAN
R. C. MINTRI PATH
KALIMPONG
(W. Bengal)

Date 9. 11. 78

My dear Subba,

Herewith please find a copy of my Mahakavi Laxmi Prasad Devkota which was released on 30th. Ultimo by Mr. Justice Ram Krishna Sharma our renowned critic. This is the book said to have been rejected by the Sahitya Akademi. I do not know how our friends could talk like that at the Town Hall when they met for discussion about Nepali language and literature.

You have not mentioned the name of the critic of that day but I am anxious to know him. Please help me.

I shall be glad to know your candid opinion of this book. While doing so kindly see that you call a spade a spade.

More when w meet.

Yours sincerely,
Paras Mani Pradhan
( Paras Mani Pradhan )

Shri Basant Subba,
S. U. M. I.,
Kalimpong.

अनि यो पुस्तक प्रकाशमा ल्याई सके पछि क्रमशः एक एक गरी जम्मै परिचयात्मक पुस्तकमालाहरू आफ्नै खर्चमा अंग्रेजीमा छापी निकाल्नु भयो । भाषा र साहित्य भने पछि मरिमेट्ने पारसमणि प्रधान धन्यका हुन् ।

मेरो मनमा एउटै धोको रह्यो कि उहाँलाई मैले सो आलोचक को नाम बताउन पाँइन ।

स्व० पारस मणि प्रधान
( ब्लकः सौजन्य मणि प्रेस )

श्री पारसमणि प्रधान एका पट्टि भाषाको सेवा गरिरहेको भएता पनि पेशाले उहाँ शिक्षक नै हुनुहुन्थ्यो । शिक्षक वृत्ति अपनाएर पनि भाषाको सेवामा लागी विभिन्न थरिका पुस्तकादिहरू प्रकाशित गरिरहेका थिए–विशेष म्याकमिलन कम्पनीका सम्पर्कमा आएर । पछि आफ्नै छापाखाना खोली त्यहाँबाट भारती पत्रिका अनि नेपाली साहित्यका अनेकौं कृतिहरू छपाउनु भयो ।

शिक्षक वृत्तिबाट अवकाश ग्रहण गरी दार्जीलिङ्बाट आफ्नो पैतृक स्थान कालिम्पोङ्ग फर्कनु भयो । पंचायत प्रणालीको स्थापना पश्चिम बंगालमा साठी दशकको शुरू देखि हुँदा उहाँ सिन्देबुङ अञ्चल पंचायतका (त्यस समय पंचायत प्रणाली चार तहको थियो) प्रधानको रूपमा चुनिनु भयो ।

एक पल्ट पुदुङ बस्तीमा खेती पातीको संगोष्ठी राखिएको थियो । जगह त्यही बस्तीका निवासी श्री सिगंदल सुब्बाको निवास स्थान । धेरै प्रगतिशील कृषक र अन्य सरकारी अधिकारीहरूको उपस्थिति थियो । विभिन्न अञ्चल पंचायत प्रधान सरह श्री पारसमणि प्रधान पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो । म पनि बोङ/हुंग्रा अंचल पंचायतको प्रतिनिधि स्वरूप त्यहाँ उपस्थित थिँए । पंचायतमा संलग्न कर्मचारीहरूको कर्तव्य र कार्यकलाप विषयमा प्रायः सबै अनभिज्ञ थिए । हठात श्री पारसमणि प्रधानको अञ्चलको कार्यवाही विषय लिएर बाद विवाद उठ्यो । कार्यरत कर्मी सित निकै कड़ा कड़ी कुरा हुन थाल्यो । मामला बढ़ला भनी उपस्थित महानुभावहरूले हस्तक्षेप गरे । श्री पारसमणि प्रधान केही चूप केही निराश देखा पर्नु हुन्थ्यो । केही क्षण पछि हठात उहाँ आफ्नो स्थानबाट नबोली उठ्नु भयो आफ्नो मयलपोश सुरुवाल माथि पहिरनु भएको कोट बिस्तार फुकाल्नु भयो । सबै जना वाह्य परी हेरिरहेका थिए । त्यो कोट उहाँले सभाको सामू दुई तीन पल्ट झाड्नु भयो अनि बड़ो गंभीर स्वरमा सबैले सुन्ने गरी भन्नु भयो — पंचायतलाई पनि यसरी झाड़ें — अब देखि उसो म पंचायतमा छैन ।

त्यो दिन देखि उसो फेरि पंचायतको नाम लिनुभएन ।

● ● ● ●

# श्री पञ्चरत्न प्रधान

—श्री एल० के० थापा

स्वनामधन्य स्वर्गीय के० डी० प्रधानका दोस्रो सुपुत्र श्री पञ्चरत्न प्रधानको जन्म १६ जनवरी १९२३ को दिन स्थानीय त्रिपाईमा भएको हो। यहाँको नामकरण आफ्ने मावल बाजे स्वनामधन्य स्वर्गीय पादरी गंगा प्रसाद प्रधानद्वारा भएथ्यो—पञ्चरत्न जयकुमार प्रधान औ यही बपतिस्माको सेवा ने पादरी गंगा प्रसाद प्रधानको अन्तिम बपतिस्मा पनि थियो।



श्री पो० आर० प्रधान

शिक्षाको शुरुआत प्रथम दिन यहाँले स्थानीय कन्या पाठशालाको "शिशु पर्वत" श्रेणी देखि गर्नुभयो। तत्पश्चात् उहाँ एस० यु० एम० आई० को प्राईमेरी विभागमा भर्ना हुनुभयो। रिबु सर, भुँडे सर, सत्क्योल सरहरूका प्रशिक्षणमा अनि देखरेखमा बसेको उहाँ आफैले सुमाइटमा वर्णन गर्नुभएको छ। प्राइमरी शिक्षाकालमा यहाँलाई अति ने मन पर्ने औ प्रभाव पार्ने गुरु हुनुहुन्छ श्री हेमचन्द्र प्रधान। यहाँको शिक्षणकाल प्रायः बेसी जस्तो जी० एस० मिलको प्रधानाचार्यत्वमा बित्यो। माध्यमिक शिक्षणकालमा उहाँलाई प्रभाव पार्ने गुरुहरू हुनुहुन्थ्यो—मिल साहब, बी० सी० सिमिक, पी० पो० मुखिया अनि आफ्ने पिता स्व० श्री के० डी० प्रधान। आफ्ना पिता स्व० श्री के० डी० प्रधान स्काउट डिस्ट्रिक कमिश्नर हुनुहुँदा उहाले स्काउटमा विशेष चासो लिनुभयो। स्काउटका विभिन्न प्रशिक्षण एवंक्याम्पिङ, हाइकिङ इत्यादिमा भाग लिनुभयो। खेलकूद उहाँले चासो लिनुहुन्थ्यो औ नवौं श्रेणी पुगेपछि उहाँ स्कूलको टीममा खेल्न लाग्नु भो औ पछि I. A. मा School Team को कप्तान पनि हुनुभयो। स्कूले हुँदा सामाजिक क्षेत्रमा पनि उहाँले चासो लिनुहुन्थ्यो औ स्व० के० डी० प्रधानले खोल्नु भएको "नेपाली युवा संघ' नामक संस्थामा स्व० रामकृष्ण शर्मा, श्री ध्रुवतारा छेत्री, श्री टिकाराम शर्माहरूसँगै सदस्य हुनुहुन्थ्यो।

स्वर्गीय श्री के० डी० प्रधान एक महान् दार्शनिक हुनुहुन्थ्यो। वहाँले प्रयोग

गर्नुभएको क्रिया-कलाप औ शिक्षण-सिद्धान्त हरू त्यति बेला नबुझेर धेरै पछि मात्र बुझेको कुराहरू हामीहरूसँग यहाँ बारम्बार भन्नुहुन्छ ।

सन् १९४० मा यहाँले दशम् श्रेणीमा प्रथम भएर 'लिटन डक्स' प्राप्त गर्नु भयो औ १९४१ मा म्याट्रिक परीक्षा श्रेणीमा उतीर्ण हुनुभयो । त्यसपछि एस० यु० एम० कालेजमा आई० ए० मा भर्ना हुनुभयो औ त्यो परीक्षा पनि १९४३ मा.....श्रेणीमा पास गर्नुभयो ।

आई० ए० पास गरिसकेपछि सन् १९४४ मा उहाँलाई स्व० विलियम स्कटले पाठशालामा सत्राउन बोलाउनु भयो औ आफ्ने काका श्री विक्रमजीत प्रधानको देखरेखमा अफिसको काम गर्न थाल्नुभयो । यहाँलाई यो काम रुचिकर भएन यसर्थ त्यसको सट्टामा प्राइमरी विभागमा शिक्षकको काम शुरू गर्नुभयो । यस अवधिमा यहाँलाई स्पष्ट याद आएको छात्र हाल सुबेदार विक्रम सोडपाडेवे हुनुहुन्छ । द्वितीय विश्व महायुद्धको समय हुनाले यहाँले King's Commission को निमित्त कोशिश गर्नुभयो तर सफल हुनु-भएन । अन्ततः उहाँले Central Excise को Sub-Inspector को नियुक्ति पाउनु भयो । यस अवधिको मीठा अनि तीता चुटकुलाहरू वर्णन गर्न थाले इतिहास नै हुनु जानेछ यति मात्र यथेष्ट छ कि यो अनुभवहरू मीठा र तीताका सम्मिश्रणले नै उहाँको व्यक्तित्व बनेको छ ।

यही बीचमा I. A. को परीक्षा फलको आधारमा यहाँलाई मासिक बीस रुपियाँको छात्रवृत्ति सरकारद्वारा प्राप्त भयो औ यहाँलाई फेरि पढ्ने सुयोका मिल्यो र विश्व भारतीमा स्नातक शिक्षाको निमित्त भर्ना हुनुभयो । स्नातक भएपछि फेरि एस० यु० एम० आई०मा आएर शिक्षकको काम शुरू गर्नुभयो ।

यस अवधिमा यहाँले राजनीतिको क्षेत्रमा पनि विशेष रूचि लिन लाग्नु भयो । यस समयमा राजनैतिक संस्थाहरूमा यस क्षेत्रमा गोर्खालीग प्रमुख थियो । श्री रणधीर सुब्बा, श्री डी० एस० गुरुङ आदिहरूका नेतृत्वमा पी० आर० सर पनि एउटा योद्धा हुनुहुन्थ्यो । यस क्षेत्रमा उहाँ सँगसँगै काँधमा काँध मिलाउने श्री बी० के० सुब्बा पनि हुनुहुन्छ । २००७ सालको क्रान्ति पश्चात् नेपाल भारतसँग गाभिने प्रसङ्गको विरुद्धमा यहाँले नेपालका विभिन्न इलाकाहरूमा व्यक्तिगत रूपमा श्री भरत शमशेरसँग गएर भाग लिनु भएको हो । यो हो सायद १९४९ को कुरा ।

प्रायः एक दशक पछि परिस्थितिवश उहाँको जीवनले जुन मोड़ लियो त्यसले विद्यालयको इतिहासलाई पनि अनिवार्य रूपले छोएको छ । १९५८ तिर शिक्षा प्रणालीको हेरफेर भयो औ फलतः यसले विद्यालयका मिशन अधिकारीहरूको विचारमा पनि परिवर्तन ल्यायो । I. A. Class सम्म हुने एस० यु० एम० आई०लाई त्यस ताकका मिशनरी अधिकारीहरू अघि बढ्न त परे जावोस S. U. M. I. लाई VIII श्रेणीसम्म मात्र मतमा सहमत थिए । पी० आर० सरलाई यो नीति ठ्याम्मै मन परेन । घोर विवाद पश्चात् पनि अघि केही नहुँदा यहाँले स्कूल छोड़ने विचार अँगाल्नु भयो । यसैको फलस्वरूप उहाँले १९५९ मा स्कुलबाट छुट्टी लिएर ठिकादारको

काम सम्हाल्दै आफ्नो जीविका यापन गर्नुहुँदै थियो । यहाँको पिता स्व० श्री के० डी० प्रधानलाई एकदमै सह्य थिएन । यसरी हुन्छ पी० आर०लाई पाठशालामा पुनः ल्याउने निरन्तर प्रयासमा उहाँ हुनुहुन्थ्यो । यस प्रस्तुतकर्ता लगायत अरू एस० यु० एम० आई० परिवारका सदस्य पनि यस कार्यमा संलग्न थिए । श्री बी० सी० सिमिकको नेतृत्वमा औ युवक शिक्षकहरूको होस्टेमा फेरि १९६४ मा पी० आर० सरलाई यस स्कूलमा हेडमास्टर हुनको निमित्त ल्याउने काम भयो । यस विषयमा उहाँको अन्तिम School notes, १९८९ को सुमाइट पढ़े स्पष्ट हुनेछ । उहाँ फकि आएपछिको कथा त रमाइलो अनि खुशी दायक छ । जुन पतनको अवस्थामा एस० यु० एम० आई० पुगेको थियो औ यहाँबाट उकालेर फेरि अघिके स्थानमा पुऱ्याउने जुन कोशिष पी० आर० सरले गर्नुभयो यसको कथा पनि १९८९ को सुमाइटको School notes मा पाइन्छ ।

यसपछि त एस० यु० एम० आई०ले हरेक क्षेत्रमा निरन्तर उन्नति गर्दै लग्यो । पढ़ाईको क्षेत्र, खेलकूद क्षेत्र, सामाजिक क्षेत्र, उन्नति क्षेत्र – यी सब क्षेत्रलाई अँगालेर नयाँ जोश र उमंग लिएर एस० यु० एम० आई० अघि बढ़दै गयो । १९७६ मा नयाँ माध्यमिक प्रणाली शुरूभयो अनि नयाँ + २ प्रणाली पनि शुरू भयो । विज्ञान, कला र कृषि—यी तीनवटा विषय लिएर एस० यु० एम० आई०ले पनि पाइला चाल्यो । उत्साह, उमंग साथ गरेको यो कार्यले फल दियो; फलतः एस० यु० एम० आई० आफैले हराएको यस क्षेत्रमा प्रथम स्थान लिन सफल हुन सक्यो । अनि यो सबका निमित्त हामी ऋणी छौं यही पी० आर० सरको अथक परिश्रमप्रति ।

शनैः शनैः समय बित्दै गयो र पी० आर० सरको कार्यावधि पनि सकिँदै गयो । १९८८ को फरवरीमा यहाँको अवधि सकिए पनि, पुरै दार्जालिङ्ग जिल्लाको स्थितिलाई मध्य नजरमा राखेर उहाँलाई एक वर्षको अवधि बढ़ाउने काम भयो । यसरी नै मई २ १९८९ को दिन उहाँले यस पाठशालाको अभिभारा आफ्नो योग्य पुत्र श्री मभरत्न प्रधानको हातमा सुम्पेर अवकाश ग्रहण गर्नुभयो ।

तर यो अवकाश ग्रहण पनि सामान्य छन । परिस्थितिको प्रतिकूलतालाई चाहिँदो ध्यान दिएर पाठशालाको प्रबन्धक समितिको सचिवको रूपमा उहाँ ने बस्नु भएको छ । फेरि यस पाठशालाका प्रबन्धक समितिका सभापति महामान्य विशप जे० इ० घोषलाई यु० सी० एम० आई०को मोडरेटरको पदमा स्थापना भएकोले अहिले उहाँलाई सघाउनको निमित्त अनेक अरू काम गर्नुपर्ने अवस्था आएको छ । यसमा हामी आशा राख्दछौं अझ भविष्यमा पनि पी० आर० सरबाट एस० यु० एम०ले अरू आशाहरू संगालिरहेको छ ।

पाठशालाको उन्नतिको काममा विशेष सुधार आइसकेपछि औ आवश्यक देखिन गएको परिस्थितिलाई निहार्दै उहाँ जिल्ला परिषद्को निमित्त उठनुभयो औ १९७९ मा जिल्ला परिषद्का सभाधिपति चुनिनुभयो । जिल्ला परिषद्को दोस्रो चुनाव १९८४ मा

पनि फेरि उहाँ सभाधिपतिको पदमा चुनावमा जितेर आउनुभयो । परोक्ष रूपमा यी कार्यहरूले पाठशालाको स्थान र गति-विधिमा धेरै होस्टे गर्ने काम गरेको छ ।

सन् १९८० को सितम्बर महीनाको नौ तारीखमा वहाँ यस ताकका राष्ट्रपति जैलसिंहको बाहुलीबाट प्रेसिडेन्ट एवार्ड थाप्न नयाँ दिल्ली पुग्नुभयो । यहाँको दिल्लीबाट फर्केपछि भव्य रूपमा पाठशालामा स्वागत-समारोहको आयोजन पनि गरेथ्यो । आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण घटना यहाँको निम्ति मात्र नभएर पाठशालामा रहेका हरेक शिक्षक अधिकारी एवं छात्र-छात्राहरूका निमित्त—शतवर्षिको समारोह थियो । यसमा भाग लिन पाएर हामी सबै धन्य भएका छौं औ यो समारोह उचित रूपमा मनाउनका निमित्त श्री पी० आर०बाट जति पनि कार्यहरू भयो त्यसको निमित्त यहाँ धन्यवादको पात्र हुनुभएको छ ।

Therefore, in the end, as a colleague and an intimate friend, I wish him not good bye, but as the French say "Au Revoir" only.

(यो लेख माननीय भूतपूर्व प्रधान अध्यापक पी० आर० प्रधानको विदाई सभामा (९.१२.८९) मा पढ़िएको वार्ता हो ।)

* * * *

## गुठी एक आवश्यकता—एउटा अभिलाषा

[ ९ दिसम्बर'८९ को दिन भएको श्री पी० आर० प्रधानको विदाई तथा संवर्धना सभामा श्री बी० के० सुब्बाद्वारा गुठी स्थापना गरिएको घोषणाको भाषणको संक्षेपण—सम्पादक ]

श्री पी० आर० प्रधान एउटा सुपरिचित नाम ! कति मानिसले उनलाई मन पराएर चिनेका छन्—भने कतिले मन नपराएर पनि । पी० आर० सरको देन शिक्षा र सामाजिक क्षेत्रमा निकै नै रहेको छ भन्ने कुरामा शायद दुइमत नहोला । यदि कुनै व्यक्तिले कुनै क्षेत्रमा केहि गरेको छ भने हाम्रो कर्तव्य हो त्यसलाई मान्यता दिनु—आभार व्यक्त गर्नु अनि त्यसको प्रत्युत्तरमा चाहे कृतज्ञता ज्ञापन गरौं कि नगरौं । पी० आर० सरको जीवन वृतान्त श्री एल० के० थापाले पढ़ी सबैलाई सुनाउनु भयो । त्यस बाट स्पष्ट छ उनको स्थान शिक्षाको क्षेत्रमा के कस्तो छ अनि विशेष यो पाठशालामा । पी० आर सरको जीवन वृतान्तमा एउटा महत्वपूर्ण विषय छुटेको जस्तो लाग्यो र त्यसको छोटो चर्चा यहाँ गर्छु ।

सत्तर दशक तिर यो पाठशालाको सीमाना भित्र चिकित्सालय स्थापनाको एउटा वृहत परिकल्पना चलेको थियो । पाठशालाको भविष्य विस्तार गरिने विषय-लाई मध्य नजर राख्दा जमीन अक्षुण राख्न पर्ने । यो विकट समस्या समाधान पार्नु

पी० आर० सरले आफ्नो बुद्धिकौशल चतुर्याई प्रयोग गरी आम जनताको सहयोग र सहानुभूति लिएर निराकरण गर्ने काम गर्नु भयो ।

देश भित्र विभिन्न शिक्षा संस्थान जस्तै विश्वविद्यालय तिर धनाढ्य व्यक्तिले शिक्षाको क्षेत्रमा उन्नति र अग्रगतिमा सघाव पुऱ्याउन श्रेष्ठ विद्यार्थीहरूलाई पुरस्कृत गर्न लाखौं रूपियाँको गुठी कायम गरेका छन् ।

शिक्षाको क्षेत्रमा भरसर ताते गर्दै हिँड्ने अवस्थामा पुगेको हाम्रो समाजले यहाँ गई प्रतिस्पर्द्धा गरी पुरस्कार प्राप्त गर्न सायदै सकलान् । तथापि चूप लागेर असहाय बस्ने स्थिति पनि छैन ।

अब हाम्रो पनि यस्तै गुठीहरू न्यूनरूपको भए पनि स्थापना गरी शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान गरिनु पा।ए कस्तो होला ? यही विचारले उद्वेलित बन्दै—यो पाठशालाको शतवार्षिकीको अवसरमा यसको शीलान्यास गर्न पर्छ कि भन्ने मनमा एउटा कल्पना त उठेको थियो तर यो समय रमाइलो र उत्साहपूर्ण वातावरणमा यसै विलीन भई उड्ेर गयो । केही भएन, प्रश्न उठेन ।

यही बीच पी० आर० सरले अवकाश ग्रहण गर्नु भयो । अवकाश ग्रहण गर्नेलाई पाठशालाले भावपूर्ण विदाई दिने पुरानो परंपरा छ । अतः पी० आर० सरलाई विदा दिन भनी एउटा कमिटिको गठन भयो । मेरो मनमा भने एउटा जिज्ञासा एउटा यस्तो भावना उत्पन्न हुन थाल्यो—पी० आर० सरलाई हामी विदाईमा केहि उपहार दिन्छौं—आपस्तमा बसी प्रीति भोज खान्छौं—केहि दिन पश्चात यो उपहार पनि पुरानो भएर जान्छ—हामी क्रमशः भूल्दै जान्छौं तो दिएका चीजहरू औ अन्यमा यो व्यक्तिलाई पनि भूल्छौं जसलाई हामीले भव्यरूपमा अभ्यर्थना दिएका थियौं ।

के यस्तो कुनै चीज छैन्—जसद्वारा आदर गरिएको व्यक्तिलाई भूल्न नसकौं ? औ जसले यो आदर प्राप्त गरे उसको नाम चीरकाल सम्म रहोस् औ साथै अन्यमा गएर समाज लाभान्वित् पनि होओस् ।

प्रायः ६ पल्ट बसेको सभाको विचार मन्थन पश्चात् एउटा योजनाको अविर्भाव हुन गयो । औ यही विचारको परिपेक्ष्य औ गहिराईबाट मूर्तरूप लिई यो गुठीको प्रतिष्ठा गरिने आयोजना भयो । गुठी स्थापनामा सर्वप्रथम सहयोग प्रदान गरी हामीलाई उत्साह प्रदान गर्न यही पाठशाला को शिक्षक शिक्षिका प्रति आभार व्यक्त गर्दछु ।

गुठी प्रतिष्ठित् भएपछि जम्मा भएको निधिद्वारा प्राप्त सुदबाट प्रति वर्ष पी० आर० प्रधान पुरस्कार—माध्यमिक तथा उच्च माध्यमिक तहका छात्रा एवं छात्रहरूलाई उनीहरूको परीक्षामा प्राप्त प्राप्ताङ्कको अधारमा सर्व श्रेष्ठ अंक प्राप्त गर्नेलाई—प्रदान गर्ने । यो पारितोषक रूपैया अथवा पदकको रूपमा नभएर पुस्तक रूपमा दिने । प्रदान गरिएका पुस्तकहरु उनीहरूले चयन गरेका अध्ययन क्षेत्रको आधारमा चाहिने पाठ्य पुस्तक तथा तत् सम्बन्धी सन्दर्भ पुस्तकहरू (Reference books) को रूपमा प्रदान गरिने ।

पुरस्कार दिने व्यवस्था केवल कलिम्पोङ्ग महकुमा भित्र रहेका १२ वटा माध्यमिक

र ८ वटा उच्च माध्यमिक विद्यालयमा सीमित रहने छ । प्राप्त धनलाई कुनै राष्ट्रीयकृत ब्याङ्कमा स्थायि ( Fixed Deposit ) को रुपमा राख्ने । उल्लिखित योजनाको आधारमा हामीलाई कममा वार्षिक ४ हजार देखि ५ हजार सम्मको रकम सुदको रुपमा प्राप्त हुन आवश्यक छ ।

यदि यो रकम वार्षिक रुपमा प्राप्त गर्न सकिने धनराशि ब्याङ्कमा राख्न सकिए आगामी एक वर्षमा योजना कार्य्यान्वित गर्न सकिएला । एस० यू० एम० आई० ले लिएको यो काम यदि सफल बन्न गए कालिम्पोङ्गले अनुसरण गर्नेछ अनि कालिम्पोङ्गले उठाएको कदम पछि दार्जीलिङ्ग पनि पछि नपर्ला ।

हाम्रा भविष्यका नागरिकहरुलाई सठीक बाटोमा हिड्नँउन तथा प्रतिस्पर्द्धात्मक संसारमा एक जना पनि योग्य व्यक्ति खड़ा गर्न सक्यौं भने हाम्रो उद्देश्य सफल बन्नेछ ।

यो गुठीको संचालन गर्न एउटा संचालन समिति गठन गर्न, नियमादि तयार पार्न, कानूनी सल्लाहको प्रयोजनीयता पनि आवश्यक ठान्दछु ।

हाम्रो विचारमा समितिमा निम्न व्यक्ति रहने छन्—

१. प्रधान अध्यापक एस० यू० एम० आई०

२. श्री पी० आर० प्रधानको परिवारको एक जना प्रतिनिधि

३. दाता पक्षबाट २ जना प्रतिनिधि

४. कालिम्पोङ्ग शहर बाहिर बाट माध्यमिक किंबा उच्चे माध्यमिक पाठशालाको एक प्रतिनिधि

५. कालिम्पोङ्ग कलेजको प्रचाय

६. अवैतनिक आयोजक सचिव एस० यू० एम० आई० बाट मनोनित हुने एक स्थायी शिक्षक ।

आज यो सभामा उपस्थित भएका महानुभावहरुबाट यथायोग्य साहायता र सहयोग कोष निर्माण को निम्ति निवेदन गर्छु ।

सिक्किम तथा भूटान का हाम्रा भूतपूर्व छात्रहरुबाट हामीलाई यो कामको निम्ति सम्पूर्ण सहयोग तथा सहायता पाउने आश्वासन पाएका छौं । गुठी स्थापनाको घोषणा आजमात्र गरियो—सबैले यसमा आफ्नो साहायता प्रदान गरी हाम्रो उद्देश्य प्राप्तमा सघाव पुऱ्याइदिनुहोला भनी आग्रह गर्दछु ।

अगामी जनवरी १९९० तिर कार्य संचालन गर्ने दाता एवं उत्सुक सज्जनवृन्दको सभा राखिने छ ।

* * * *

Mr. C. B. Rana, Principal
Kumudini Homes,
" My turn to follow suit
is nearing ,,

A scout's way of showing
gratitude to Mr. Pradhan, the
D C. (Scouts) Dist. Assn
Kalimoong

Quite a gathering 'Old Boys'
to see Mr. Pradhan off.



The Sumite vol XXXIII
was dedicated to Mr. P. R. Pradhan-
a very junior student offering the
special issue of the Sumite.

Mr. B K. Subba and L. K. Thapa
— on to teach something —
or offering the Sumite to
Mr. Pradhan ?

A word or two from
Mr. Pradhan to the students

श्री पी० आर० प्रधान शैक्षिक विशिस्टता पुरस्कार प्रदान गर्न भनी आर्थिक सहयोग-को जुन अपील गरिएको थियो—त्यो विफल भएन। हामीलाई शुरुमा नै आशातीत् सफलता मिल्यो। यही सालदेखि नै पुरस्कार माध्यमिक तह के निम्ति भए पनि दिन-सकिने भएकोले उक्त कुराको जानकारी महकुमा भित्र रहेका १६ वटा उच्च पाठशालाका प्रधान अध्यापक/अध्यापिकाहरूलाई दिइसकिएको छ। विद्यार्थीहरू माझ स्पर्दाको भावना जागृत भई, हाम्रा भावी सन्तान उचित राहमा हिँड्दान भन्ने आशा लिएर जति पनि हाम्रा शुभाकांक्षीहरूले यो कोषमा आर्थिक योगदान दिए सबैलाई हार्दिक धन्यवाद। हाम्रा हितैषीहरूबाट अरू आर्थिक सहयोगको आशा राखेका छौं। किनकि हाम्रो लक्ष निकै ठूलो छ।

आज सम्मन उठेका रकमको फाँटवारी

## Received from Ex-Students & well wishers :—

| | | Rs. P. |
|---|---|---|
| 1. | Hon'ble Mr. K. N Upreti Gangtok, Sikkim | 5001.00 |
| 2. | Messrs Mam Chand & Sons | 1100.00 |
| 3. | Mr. Dhondup Bhutia, Rinchen Gas | 501.00 |
| 4. | Mr. D. B. Pradhan, Kalimpong | 500.00 |
| 5. | Messrs N. Das & Sons -do- | 501.00 |
| 6. | Mr. H. Quracy -do- | 501.00 |
| 7. | Teesta Bridge High School | 501.00 |
| 8. | Messrs Anil Stores, Kalimpong | 400.00 |
| 9. | Dr. Sunil Kaul -do- | 201.00 |
| 10. | Messrs Periwal Bros -do- | 200.00 |
| 11. | Mr. T. D. Moktan -do- | 151.00 |
| 12. | Mr. T. B. Subba -do- | 150.00 |
| 13. | Mr. Bhupendra Bhandary -do- | 105.00 |
| 14. | Mr. Manoj Kumar Pradhan -do- | 102.00 |
| 15. | Mr. G. R. Sharma -do- | 200.00 |
| 16. | Mr. B. K. Shilal -do- | 101.00 |
| 17. | Mr. N. W. Bhutia -do- | 101.00 |
| 18. | Mr. Bhawani Sharma -do- | 101.00 |
| 19. | Mr. K. M. Pradhan -do- | 101.00 |
| 20. | Mr. Y. K. Namchu -do- | 101.00 |
| 21. | Messr Everests. Garage -do- | 101.00 |

| | | |
|---|---|---|
| 22. | Mr. Prabhu P. Gupta -do- | 101.00 |
| 23. | Mr. K. C. Karthak -do- | 50.00 |
| 24. | Mr. B. H. Subba Jambuk School | 50.00 |
| 25. | Mr. R. B. Gurung -do- | 50.00 |
| 26. | Albela Children's Home Kalimpong | 375.00 |
| 27. | Mr. B. K. Dahal -do- | 100.00 |
| | | 11446.00 |

| | | |
|---|---|---|
| 1. | Collected from Primary classes | 2102.50 |
| 2. | Collected ,, Secondary & H. Secondary Classes | 4350.00 |
| | | 6452.50 |

Received from Teaching & Non-teaching Staff of Primary & Secondary Section, S.U.M.I.

| | | |
|---|---|---|
| 1. | Mr. N. R. Pradhan | 501.00 |
| 2. | Mr. B. K. Subba | 501.00 |
| 3. | Mr. B. S. Simick | 300.00 |
| 4. | Mr. N. K. Pradhan | 251.00 |
| 5. | Mr. R. S. Prasad | 251.00 |
| 6. | Mr. B. C. Mishra | 151.00 |
| 7. | Mr. D. D. Sharma | 121.00 |
| 8. | Rev. J. Karthak | 105.00 |
| 9. | Mr. S. Ahmed | 101.00 |
| 10. | Mr. L. K. Thapa | 101.00 |
| 11. | Mr. Anil Kaul | 101.00 |
| 12. | Mr. O. T. Aden | 101.00 |
| 13. | Mr. A. R. Singh | 101.00 |
| 14. | Mr. Z. Lepcha | 101.00 |
| 15. | Mr. B. K. Baral | 101.00 |
| 16. | Mr. B. N. Singh | 101.00 |
| 17. | Mr. P. N. Namchu | 101.00 |
| 18. | Mr. K. R. Thapa | 101.00 |
| 19. | Mr. A. B. Chettri | 101.00 |
| 20. | Mr. Shuva Pradhan | 101.00 |
| 21. | Mr. N. K. Nag | 101.00 |

| | | |
|---|---|---|
| 22. | Mr. S. W. Bhutia | 101.00 |
| 23. | Mr. E. T. Lucksum | 100.00 |
| 24. | Mr. Arvind Pradhan | 100.00 |
| 25. | Mr. S. K. Subba | 100.00 |
| 26. | Mr. K. C. Gupta | 100.00 |
| 27. | Mr. Samuel Pradhan | 100.00 |
| 28. | Mr. H. M. Gurung | 100.00 |
| 29. | Mr. G. O. Phipon | 100.00 |
| 30. | Mr. A. P. Pradhan | 100.00 |
| 31. | Mr. K. B. Pradhan | 51.00 |
| 32. | Mr. K. C. Chowdhury | 51.00 |
| 33. | M.. A. R. Baral | 51.00 |
| 34. | Mr. P. T. Bhutia | 51.00 |
| 35. | Mr. A. K. Rongong | 50.00 |
| 36. | Mr. J. S. Rai | 50.00 |
| 37. | Mr. Y. S. Ghising | 50.00 |
| 38. | Mr. Brian Mukhia | 50.00 |
| 39. | Mr. K. W. Molommu | 50.00 |
| 40. | Mr. D. N. Targain | 51.00 |
| 41. | Mrs. T. D. Pradhan | 51.00 |
| 42. | Miss C. K. Thapa | 51.00 |
| 43. | Mrs. S. D. Pradhan | 51.00 |
| 44. | Mr. C. B. Basnett | 51.00 |
| 45. | Mr. G. O. C. Phipon | 50.00 |
| 46. | Mr. P. K. Subba | 50.00 |
| 47. | Mrs. S. Rai | 50.00 |
| 48. | Mrs. S. L. Karthak | 30.00 |
| 49. | Mr. S. M. Subba | 30.00 |
| 50. | Mrs. K. D. Pradhan | 30.00 |
| 51. | Mr. A. Lucksum | 31.00 |
| 52. | Mr. I. B. Basnett | 25.50 |
| 53. | Miss H. D. Basnett | 25.50 |
| 54. | Mrs. S. Lama | 21.00 |
| | | 5446.00 |

Grand Total Rs. 23,344.50

(Rupees twenty three thousand three hundred fourty six and fifty paise) only संकलन गरिएका उक्त रकमबाट रु० 2,192.00 श्री पी० आर० प्रधानलाई रौप्य स्मृति चिह्न आदि प्रदान गर्न व्यय गरीरहेका रु० 21,388.00 Central Bank of India मा Fixed Deposit मा राखिएको छ ।

सही ÷ बी० के० सुब्बा
आह्वायक
श्री पी० आर० प्रधान शैक्षिक विशिस्टता
पुरस्कार
एस० यू० एम० आई०
कालिम्पोङ

## Farewell of Sri. P. R. Pradhan

A long, fruitful and bright career of Shri P. R. Pradhan came to a grand finale on 9th Dec 1989 when he was accorded a hearty farewell by the Staff, students and ex-students of S.U.M.I. The steering committee comprising the staff and well-wishers of S.U.M.I. decided to commemorate the services of Shri Pradhan by creating a Trust Fund which would award prizes to successful and meritorious boy and girl final examinees of the M.P.S.E. and Higher Secondary Examinations.

So a simple but solemn farewell function was arranged by the Steering Committee under the convenorship of Shri B.K. Subba, the present Asst. Headmaster of the School.

Shri Pradhan was escorted by the senior members of the Staff to the school premises where a Guard of Honour and March Past was presented by the N.C.C. cadets of the School. He was then escorted to the Gym premises where a simple function with the Presbyter of the local Church, Shri H. D. Subba on the Chair was arranged. As usual, a touching opening Song was followed by variety Entertainment programme by the students.

Shri L. k. Thapa, a member of the Staff, presented a short life sketch of Shri P. R. Pradhan which is printed elsewhere in the magazine.

Shri B. K. Subba spoke in detail about the Trust Fund envisaged by the Steering Committee which was heartily accepted by the audience. Shri S. Ahmed welcomed the contributions by the well wishers of the institution.

Shri Pradhan, in his return address, spoke about his experiences and as usual reminded the students about their duties and gave healthy suggestions to the Staff and students alike.

The function was followed by a Tea-party to the guests of the school.

---

# सुमाइट

## कालिम्पोङ्ग—१९९०

## विदाई के क्षण

—रवीन्द्र मोहन

जा रहें हैं छोड़ हमको
दे उन्हें कैसे विदाई,
दिल मेरा ये कह रहा,
कैसे सहूँ उनकी जुदाई,
ज्ञान के वे अखण्ड सागर,
क्रोध उनका मैंने न देखा,
प्यार से हमने उन्हें
पी० आर० सर कहके है पूजा।
जब वे आते स्वर सुनाते
कहने लगते हम सभी को,
"My dear boys you are
only the tiny earthworms".
"Now stop your talking" ने
करदिया हम सब को भयभीत
"तो लठ्ठवाँ" ने करदिया ऐसे ही शंकित।
जा रहें हैं छोड़ हमको
दे उन्हें कैसे विदाई
धुन बजी सहनाईयों की
झर उठें आँसू नयनसे।
जा रहें हैं छोड़ हमको,
दे उन्हें कैसे विदाई
प्रश्न यह मन कर रहा
क्या सह सकोगे उनकी जुदाई ?

# हिन्दी-हमारी राष्ट्रभाषा

—शैलेन्द्र मोहन
भूतपूर्व छात्र

हमारा कर्तव्य है कि अहिन्दी भाषियों के संशय दूर-किए जाएँ। दुर्भाग्य से कुछ राजनीतिक दल भाषा के प्रश्न को अपनी लोक प्रियता बढ़ाने के लिए प्रयोग कर रहे है। भारत से कोई भी भाषा हटाई नहीं जा सकती। हम हर भाषाको प्रोत्साहन देना चाहते हैं।

भारत के लिए एक सम्पर्क भाषा का होना आवश्यक है और वह हिन्दी भाषा ही हो सकती है। हिन्दी भाषियों या अन्य भारतीय भाषा-भाषियों पर अँग्रेजी लादी नहीं जाए तो अति उत्तम होगा।

नेहरुजी अहिन्दी भाषी लोगों की कठिनाइ को भली प्रकार समझते थे वे उनके आग्रहों से भी परिचित थे। अतः वे चाहते थे कि हिन्दी को प्रशासन की भाषा के रूप में लागू करने में धीरज से काम लिया जाये और अहिन्दी भाषी प्रदेशों के लोगों को हिन्दी सीखने के लिए प्रयाप्त समय एवं अवसर दिया जाये।

नेहरुजी यह कभी नहीं चाहते थे कि हिन्दी सीखने के मामले में सीमातक टाल-मटोल की जाए कि राष्ट्रभाषाका भविष्य सर्वथा धूमिल हो जाये। उनका प्रयोजन केवल इतनाथा कि अहिन्दी भाषी लोगोंको हिन्दी सीखने के लिए प्रायाप्त समय मिल जाए।

देश के कुछ राजनीति से प्रेरित तत्व हिन्दी का बहिष्कार करना चाहते हैं, यह देश के पवित्र संविधान की आत्मा के साथ गहरा विश्वास घात है। देश के केवल एक प्रतिशत अँग्रेजी जानने वाले लोग करोड़ों लोगों पर अँग्रेजी लादने का कुचक्र रचते रहे हैं: इस बारे में हमें सतर्क रहना होगा। मूल प्रश्न हिन्दी नहीं राष्ट्रीयता का है।

जिन लोगों के मन में राष्ट्रभाषा के प्रति समादर भाव नहीं हैं, उनके बारे में यह विश्वास नहीं किया जा सकता कि वे देश के प्रति किसी प्रकार की निष्ठा या भक्ति रखते है।

* * * *

# लघु कविता

—रवीन्द्र

निकल पड़ा योंही अंधेरे के झुरमुट,
आज पता नहीं पोस्ट प्रकाश भी गुम है।
घूमता-घूमता पहुँचना चाहा मंजिलपर
लौट-पड़ा बीच से ही सूनापन के भय से॥

●

# आतंक वाद

—बरुण राई
कक्षा एघारौं

कितने 'वादों' से कान मेरा शंकृत हुआ
रहस्यवाद, छायावाद,
प्रगतिवाद, प्रयोगवाद
हालावाद, की चर्चा
अपने प्रिय अध्यापक के मुख से सुना
और साहित्य में रुचि ली
साम्यवाद, पूंजीवाद, समाजवाद
भौतिकवाद, अध्यात्मवाद
गांधीवाद, नेहरूवाद
इन्दिरावाद से
अर्थशास्त्र राजनीतिशास्त्र नीतिशास्त्र का
परिचय पाया।
अन्त में नये शब्द से आतंकित हूं
जो भौतिकता की देन है
वह है 'आतंकवाद'
स्वार्थ, लोभ, लालच, काम, क्रोध
से उत्पन्न यह
'आतंकवाद'

# मैं

—शरण थापा
XI

मैं, को निकालकर फेंक अपने मन से,
छोड़ो 'अहम्
मोड़ो जीवन
विनम्रता की प्रतिमूर्ति
बनो, सेवारत हो
जन-जीवन में

# संसार—

—रवीन्द्र

हाहाकार
ताण्डवनृत्य
महामार।
जीत बीच
होके नीच
आँखे मीच।

अलग व्यक्तित्व
शान्ति परिवेश
साधु को नीति
शान्ति की रीति

# जगदीश चन्द्र बोस

—मृगेन्द्र मोहन
कक्षा—पाँचवीं

जगदीश चन्द्र बोस की चर्चा प्रभा-पुञ्जों में की जा सकती है। इनका जन्म १८८५ ई० में ढाका जिले के विक्रमपुर कस्बे के निकट राठोखाल नामक गाँव में हुआ था। उनके पिता का नाम भगवानदास था। भारतीय सभ्यता और जन-जीवन के साथ उनका गहरा लगाव था। उनके पिता स्वतंत्र विचारों और लोक सेवा के लिए विख्यात थे। जगदीश चन्द्र की माता भी एक-आदर्श भारतीय महिला थीं। माता-पिता का प्रभाव बालक जगदीश चन्द्र के हृदय पर पड़ा। बचपन से ही वे भारतीय सभ्यता एवं संस्कृति से प्रभावित थे।

उनकी शिक्षा-दीक्षा कलकत्ता में हुई बी० ए० पास कर वे उच्च शिक्षा हेतु इङ्गलैण्ड चले गए। कैम्ब्रिज से प्राकृतिक विज्ञान में बी० एस० सी० की उपाधि प्राप्त की। उनका सम्पर्क बचपन से ही वैज्ञानिकों के साथ रहा।

अँग्रेजी सरकार उन्हें भारतीय शिक्षा सेवा के योग्य नहीं समझा पक्षपात पूर्ण रवैये से बोस के स्वाभिमान को ठेस लगी। उन्होंने अँग्रेजी सरकार के प्रस्ताव को ठुकरा दिया। वे प्रेसिडेन्सी कालेज में भौतिकी के प्रध्यापक के रूप में नियुक्त हुए। भौतिकी एवं वनस्पति-विज्ञान के क्षेत्र में महत्वपूर्ण अनुसन्धान किए। इनका नाम विश्वभर में गूँज उठा। "बेकर प्रयोग शाला" इनका साधन-पीठ था।

आचार्य जगदीश चन्द्र बोस ने सर्वप्रथम-विधुत् तरंगों पर अनुसंधान कार्य किया। आचार्य बोस ही प्रथम वैज्ञानिक थे जिन्होंने बिना तार की सहायता से विधुत् तरंगो को एक कमरे से दूसरे कमरे तक सम्प्रेषित किया।

जगदीश चन्द्र बोस ने सिद्ध कर दिखाया कि अनुभव करने की शक्ति गड़-प्रदार्थ एवं वनस्पतियों में भी है। पश्चिमी संसार ने मुक्त कंठ से उनकी प्रतिभा का जय-गान किया। ब्रिटिश सरकार ने उन्हें 'सर' की उपाधि से सम्मानित किया।

सन् १९३७ में अपनी चल-अचल सम्पत्ति बोस इन्स्टीच्यूट को समर्पित कर भारत का सपूत चल बसा।

* * * *

# आज

—रवीन्द्र

सुखी मानव तो वही है
आज को जो अपना बनाले
और हो आश्वस्त कह दे
जो किया बस आज मै तो
कल जो करना हो तू कर ले।

# महात्मा गाँधी ने कहा था

—मनोज कुमार गुप्ता
कक्षा—'X'

मैं हिन्दुस्तान का सेवक हूँ और हिन्दुस्तान की सेवा करने का प्रयत्न कर रहा हूँ। मैं समस्त मानव जाति की सेवा करता हूँ। मैंने अपने प्रारम्भिक जीवन में सोचा था की हिन्दुस्तान र सेवा मानव की सेवा के विरुद्ध नहीं है। ज्यों-ज्यों मेरी उम्र बढ़ती गयी और आशा है, मेरी बुद्धि भी विकसित होती गयी, मैंने अनुभव किया है कि मेरी धारणा ठीक थी। करीब ५० वर्षों कि जन सेवा के बाद आज मैं कह सकता हूँ कि एक—राष्ट्र की सेवा विश्व—सेवा से कम नहीं है। मेरी धारणा और भी मजबुत हो गयी हैं, यह सिद्धान्त बहुत अच्छा है। केवल इस सिद्धान्त को मान लेने से ही संसार की स्थिति—सुधर सकती हैं और दुनियाँ के विभिन्न राष्ट्रों को पारस्परिक इर्ष्या का अन्त हो सकता है। अस्पृश्यता के विरुद्ध आन्दोलन छेड़ते हुए मैंने अपने को हिन्दुत्व में सीमित नहीं रखा है। मैंने अनेक बार कहा हैं कि यदि हिन्दुओं के हृदय से अस्पृश्यता कि भावना पूर्णरूप से निकाल दी जाय तो इसका असर बहुत दूर तक पड़ेगा। यदि हिन्दुओं के हृदय से अस्पृश्यता वास्तव में दूर कर दी जाय और यदि ऊँची जाति के हिन्दु उस भयंकर कमजोरी को अपने हृदयसे निकाल दें तो हम शीघ्र ही देखेंगे कि हम सब—एक हैं अलग-अलग नहीं।

जैसा कि मैंने प्राय कहा है कि अस्पृश्यता अनेक सिर वाला राक्षस हैं जो कितने ही रूपों में प्रकट होता हैं, कुछ तो सुक्ष्म होते हैं। यदि हम किसी भी मानव मात्र से ईर्ष्या करें तो यह भी अस्पृश्यता की एक किस्म हैं।

● ● ● ●

# आचार्य निमावाँदो

—मृगेन्द्र मिश्र

छोटा व्यक्तित्व
पर व्यक्तित्व विशाल
हरा-भरा
जीवन निहाल
कक्षा के भीतर
जब आते
बच्चों साथ बच्चे
बन जाते
एक भूल-एक बेंत
सबको ही भाते

साथ अब सबका
ऐसे वे छोड़ गए वे
विधार्थी साथी
सबसे मुख मोड़ गए वे
आँखो में आँसू—
छलकने आए
रोका था उनको
पर बहकने आए
गुरू की याद सदा ही रहेगी
बाते उनकी सदाफलेगी

●

# कुछ विचार

—संजय अग्रवाल
कक्षा—१२ वीं

विभिन्न भाषा ओं के आधार पर राज्यों कि स्थापना भारत के लिए एक महान दुर्घटना साबित हुई है। भाषा का सम्बन्ध राष्ट्र के साथ जोड़ना भारतीय मानवता के लिए अत्यन्त भयावह है। सभी भद्र राष्ट्र प्रिय नागरिकों को चाहिए कि भाषिक राज्यों के विरुद्ध आवाज उठावें। यहां हिन्दी भाषी नागरिकों को आगे नहीं होना है क्यों कि—उनके सारे राज्य भाषिक राज्य ही हैं।

हम प्रतीक्षा में हैं जब सारे भारत वर्ष में सारी शिक्षा का माध्यम भिन्न भिन्न प्रदेशों में भिन्न भिन्न होगा तो भारतीयता केवल एक सूखा नाम मात्र हीं रह जायेगी।

शिक्षा कि नीति यह हो कि कमसे कम उच्च शिक्षण में अखिल भारत के लिए एक हीं माध्यम रहे।

यदि शिक्षण और पूर्व के हमारे देश बन्धुओं को हिन्दी से परहेज हो तो हम हिन्दी के साथ—साथ अँग्रेजी को भी खुले दिल से स्वीकार करें।

किसी भी भाषा को किसी विशेष धर्म, सम्प्रदाय या जाति के साथ जोड़ने में बहुत बड़ा धोखा है।

न उर्दू मुसलमानों की है न पंजाबी सिक्खों की है और न संस्कृत हिन्दुओं की है।

---

## पर्वत

—रवीन्द्र मोहन
'ग्यारह वीं'

चट्टानों से मानव जीवन है टकराता
बाधाओं से मानव जीवन है कुछ पाता
हरी-भरी पर्वत की चोटियाँ
हिमा च्यादित नग है विशाल
पाकर अमित्त साधन का ठरे
जन-जीवन कितना है खुशहाल
त्याग का प्रति मूर्ति
सामने खड़ा
ललकार रहा
अरि-गज को देय उसका,
आभारी हम कितना !

## कभी-कभी

—रवीन्द्र

कभी—कभी
जहां—तहां
यहां—वहां
मन
भटकता है
काया
पंच-तत्व—का
माया
मानस का
कैसे नियन्त्रित हो
समझ नहीं
पाता हूँ

## नदी

'मां' तुम बहती चले,
संस्कार देती चलो
हम तुम्हारे गोद में हैं,
आमोद में—प्रमोद में;
हर्ष और विशाद में
हम तुम्हारे साथ हैं

●

## रत्न

—रवीन्द्र

सचमु यही रत्न है
बहुमूल्य पर बाहुल्य नहीं
मोती का ढेर नहीं
सिंह का लेहड़ा नहीं
रत्न बनो, मोती बनो
सिंह बनो।

●

आज का स्वागत करो। यही जीवन है। जीवन का सार है। मानव अस्तीत्व की सी विविधतायें वास्तविकतायें, इस में नीहित है इस में विकारा का वरदान है' कर्म का महात्म्य है और सिद्धि का वैभव है।

परिश्रम का पुनित फल
किसे मिले बताओ
अनाज, जमीन, रोटी है किसका ?
कौन अधिकारी है इसका ?

केवल परिश्रमी
जो पैदा करता है
जो जमीन पर समर्पित है
जो रोटी सबको देता है

कम क्या प्रकृति रूठी है
देखता हूँ आज किरण नहीं फूटी है
आकाश मेघाछाम है आखीं से
लगता है प्रकृति शरद को विदाई में
उदास-उदास नजर आती है

* *

Sri. N. W. Targain
joined SUMI as a teacher
on 1-10-53 and retired on 30-4-88.
A sincere, hardworking and jovial
teacher, we always remember
his—" एक भुल— एक बेत "

# সময়ের দাম

মনোজ গুপ্ত
অষ্টম শ্রেণী

লেখাপড়া শিখে জ্ঞানী গুণী হও
করো সমাজের হিত
শিক্ষাই পারে গড়িতে জীবন
গড়ে জীবনের ভিত।

করণীয় কাজ, কর সময়েতে
রেখোনা ফেলিয়া পিছে
দিয়োনাকো যেতে ক্ষণিক সময়
বহিতে হেলায় মিছে।

অমূল্য জেনো এ জীবন কাল
সময় সীমিত সেথা,
সদা সঙ্কুল দুর্গম পথ,
প্রতি পদে পাবে ব্যথা।

সংকল্পেতে দৃঢ় ক'র মন
কঠোর কঠিন ব্রতে,
বাধা বিঘ্নের কঠিন প্রাচীর
ভেঙে ফেল দৃঢ় হাতে।

বিনয় নম্র ভক্তি ও প্রেমে
ভরি লও নিজ বুক,
সুখ প্রত্যাশী লভে বঞ্চনা
আসে সুখ, সহি দুঃখ।

কঠিন করমে ব্রতী যেই জন
সদা সময়ের দাস
বিষ তার কাছে অমৃত সম
অলসতা মানে ত্রাস।

# নীল নদী

কে, সি, সি

কত শত বুকে তোমার বেদনা
কেঁদে ফেরে নিরবধি
মরু-লাঞ্ছিতা, মাতৃ মূরতি
হায় ওগো নীল নদী।
জানি না সে কোন্ সুদূর অতীতে
সৃজনের মহা ব্রতে,
শুরু করেছিলে পথ চলা তব
করুণা-ভাণ্ড হাতে।
নিদয় সাহারা দিল'না সাহারা
বাধা হানে প্রতি পদে
তোমার বাসনা নিরাশায় ক্ষোভে
নীরবে নিভৃতে কাঁদে।
তপ্ত মরুর বালুর গভীরে
তোমার ক্ষুব্ধ আশা,
সবা অলক্ষ্যে হয়ত বা আজো
খুঁজিছে আপন দিশা।
কিম্বা হয়ত মূর্ছিতা তুমি
অসহ বেদন দহে
তব সে বেদনা নিশি কুয়াশায়
মায়াজাল রচি বহে।

সে মায়া মূরতি পান্থের চোখে
আশা দীপ হয়ে জ্বলে
মায়া মরীচিকা মরণকে তাই
হাসি মুখে যায় ভুলে।
যাত্রা তোমার হয়নি বিফল
হয়নিকো আজো শেষ
তিলে তিলে ক্ষরি মনের মাধুরী
গড় স্বপ্নের দেশ।
নিজেকে নিঙারি ক'র নিঃশেষ
তুমি বিদগ্ধ ত্রাণ
পথের দুপাশে শস্য শ্যামল
মিশর করিলে দান।

# তোমাকে প্রণাম

সুনীল রাই
দ্বাদশ শ্রেণী
কৃষি-বিভাগ

নিভৃত নীরব তোমার বাতায়ন !
হিমালয়ের নিবিড় বক্ষস্থলে
তোমার অবস্থান সুমী।
আকাশের স্বচ্ছ সুনীল সাগরে
চিত্রায়িত মেঘমালায়,
বনানীর শ্যামল কোমল ছায়ায়,
তিস্তানদীর নীলাভ জলোচ্ছ্বাসে
শুনি তোমার এগিয়ে চলার কলতান।
একদিন প্রভাতের মঙ্গলময় পরম লগ্নে
তোমার এই অবারিত অঙ্গনে,
আশা উদ্বেল চিত্তে, ভক্তি অর্ঘ্য নিয়ে
এসেছিলেম তোমার ভক্ত বেশে।
পেয়েছি তোমার করুণারাশি
তোমাকে আপন করে জানার অবকাশ।
ধন্য হয়ে গেছি আমি
তোমার করুণার দানসাগরে
অবগাহন করতে পেয়ে।
তোমার অকৃপণ উদার হাতের দান
আমি বুক ভরে গ্রহণ করেছি,
সঞ্চয় ক'রে নিয়েছি
জীবনের চলার পথের পাথেয়।
তোমার অনন্ত ভাণ্ডার থেকে
আমাকে যাহা দিয়েছ,
যাহা আমি গ্রহণ করতে পেরেছি
তারি মাঝে তোমার আমার
সেতুবন্ধন গঠিত হয়ে গেছে।

তোমার বিচিত্র ছন্দময় প্রেরণা গীতি,
অভয় আশ্বাসে ভরা
স্নেহ আর ভালবাসা
নিরন্তর গুঞ্জরিত হবে
আমার আগত দিনে
জীবনের প্রতিটি সকাল সন্ধ্যায়।

'বিদায়' শব্দটাই বড় বেদনা বিধুর।
তাই, আজ এই বিদায় ক্ষণে
কি এক অব্যক্ত বেদনায়
আচ্ছন্ন ক'রে রেখেছে আমার সারা মনপ্রাণ।
তোমার হাস্যোজ্জ্বল মুখ পানে
নীরবে চেয়ে আছি।
অফুরন্ত কত না বলার কথা
যাহা তোমাকে বলে যাব ভাবি,
উদ্বেলিত হয়ে উঠছে আমার সারা বুক।
বলার কথা কিছুই বলা হয়ে উঠছে না
কেবলি বেদনার তপ্ত উচ্ছ্বাসে
অবিশ্রান্ত অশ্রুধারা হয়ে
নেমে আসছে আমার তপ্ত গণ্ড বেয়ে।
আমার চির বন্দিতা
প্রাণময়ী মূর্তিমতি সুমী!
তুমি আমার জীবনের আলোক বর্তিকা
জীবনের পথে পথে
আমাকে দেখিও আলো।
আজ এই বিদায় প্রাক্কালে
রেখে যাই নীরব নিবেদন ;
প্রণাম, তোমাকে আমার শতকোটি প্রণাম।

Printed at Mani Press, Kalimpong.